# नेपालको निर्वाचन प्रक्रियामा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच

२०७४ सालमा सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका अवधिमा अपाङ्गता भएका व्यक्तिहरूको सहभागिताका दृष्टिले स्वतन्त्र मूल्याङ्कन




INTERNATIONAL FOUNDATION FOR ELECTORAL SYSTEMS
IFES
30 Years

राष्ट्रिय अपाङ्ग महासंघ नेपाल
NFD-N

USAID
FROM THE AMERICAN PEOPLE

# नेपालको निर्वाचन प्रक्रियामा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच

२०७४ सालमा सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका अवधिमा अपाङ्गता भएका व्यक्तिहरूको सहभागिताका दृष्टिले स्वतन्त्र मूल्याङ्कन

## जुन २०१८

यो प्रतिवेदन अमेरिकी सहयोग नियोगमार्फत आएको अमेरिकी नागरिकको सहयोग र इन्टरनेसनल फाउण्डेसन फर इलेक्टोरल सिस्टम्स (आईएफईएस) सँगको सहकार्यबाट सम्भव भएको हो । यस प्रतिवेदनमा रहेका अन्तरवस्तुले आईएफईएस, अमेरिकी सहयोग नियोग वा अमेरिकी सरकारका विचार प्रतिविम्बित गर्दैनन् ।

# विषय-सूची


९ परिभाषा

१२ सारांश

१८ परिचय

२१ नेपालमा अपाङ्गतासम्बन्धी तथ्याङ्क

२३ मूल्याङ्कन पद्धति

२३ जिल्ला र मतदानकेन्द्रको छनोट
२४ मूल्याङ्कन विधि
२५ पर्यवेक्षक छनोट र तालिम
२६ पर्यवेक्षक परिचालन
२७ अपाङ्गता भएका मतदाताको सर्वेक्षण
२७ तथ्याङ्क प्रविष्टि र विश्लेषण
२८ सीमा

२९ अपाङ्गतासम्बन्धी कानुनी रूपरेखा

२९ अन्तर्राष्ट्रिय (कानुनी) रूपरेखा
३१ नेपालको संविधान तथा कानुनहरूको पुनरावलोकन

३५ निर्वाचनका दिनमा गरिएको पर्यवेक्षणका निष्कर्ष

३५ अपाङ्गता भएका मतदाता
३६ मतदानकेन्द्र र सुविधा
३८ अपाङ्गता भएका निर्वाचनका काममा खटिएका कर्मचारी
३८ विभिन्न किसिमका अपाङ्गता भएका व्यक्तिहरूको निर्वाचनमा पहुँच
४२ मतदानकार्यमा सहायतासम्बन्धी प्रावधान
४४ मतको गोपनीयता

४५ अपाङ्गता भएका मतदाताको सर्वेक्षणको निष्कर्ष

४५ मतदाता दर्तासम्बधी पहुँचबारे मतदाताका धारणा
४६ अपाङ्गता भएका व्यक्तिहरूका लागि निर्वाचनसम्बन्धी सूचनाको उपलब्धता
४८ मतपत्रबारे बुझ्न र मतसङ्केत गर्न भएको सजिलोपनबारे मतदाताका प्रतिक्रिया
४९ मतदानकार्यमा हुने सजिलोपनबारे मतदाताका प्रतिक्रिया
५० निर्वाचनलाई बढी पहुँचयुक्त बनाउनेसम्बन्धी प्रतिक्रियाको सारांश

५३ निष्कर्ष र सिफारिस

५४ निर्वाचन कानुनमा सुधार
५७ मतदाता दर्ता प्रणाली र प्रक्रियामा सुधार
५८ मतदाता शिक्षामा सुधार
५९ मतदान प्रक्रियामा पहुँचको सुधार
६१ साझेदारहरूको सहभागिता

६५ अनुसूची १: अपाङ्गतासम्बन्धी संवैधानिक तथा कानुनी प्रावधान

७१ अनुसूची २: पहुँचयुक्त मतदानसम्बन्धी रुजुसूचीको नमूना

# तालिका-सूची

२४
तालिका १:
अवलोकनका लागि छानिएका जिल्ला तथा मतदानकेन्द

२५
तालिका २:
जिल्ला, लिङ्ग र अपाङ्गताका किसिमका आधारमा अवलोकनकर्ताको विवरण

२६
तालिका ३:
तालिमको मिति, स्थल तथा सहभागीको सङ्ख्या

२७
तालिका ४:
अवलोकनकर्ता परिचालन

३५
तालिका ५:
जिल्लागत र लैङ्गिक आधारमा अपाङ्गता भएका व्यक्तिहरूको मतदानमा सहभागिता

# रेखाचित्र-सूची

३६
रेखाचित्र १:
भुइँतलामा मतदानकेन्द्रहरूको अवस्थिति

३७
रेखाचित्र २:
मतदानकेन्द्रमा र्‍याम्पको उपलब्धता

३७
रेखाचित्र ३:
पार्किङ क्षेत्र र सम्बन्धित सेवा

३८
रेखाचित्र ४:
मतदानकेन्द्रमा अपाङ्गता भएका निर्वाचनका काममा खटिएका कर्मचारीको उपस्थिति

३९
रेखाचित्र ५:
दृष्टिसम्बन्धी अपाङ्गता भएका व्यक्तिहरूको पहुँच

४०
रेखाचित्र ६:
शारीरिक अपाङ्गता भएका व्यक्तिहरूको पहुँच

४१
रेखाचित्र ७:
श्रवणसम्बन्धी अपाङ्गता भएका व्यक्तिहरूको पहुँच

४२
रेखाचित्र ८:
मतदानकेन्द्रमा सहायताको उपलब्धता

४३
रेखाचित्र ९:
मतदानका लागि सहयोगी छान्ने स्वतन्त्रता

४४
रेखाचित्र १०:
मतदानकेन्द्र (बुथ) को गोप्यता

४६
रेखाचित्र ११:
मतदाता नामावली दर्ताका प्रक्रियामा पहुँचयुक्ततासम्बन्धी धारणा

४७
रेखाचित्र १२:
निर्वाचनसम्बन्धी सूचनाको उपलब्धताबारे प्रतिक्रिया

४८
रेखाचित्र १३:
मतपत्रबारे बुझ्न र मतसङ्केत गर्न भएको सजिलोपनबारे मतदाताका प्रतिक्रिया

५०
रेखाचित्र १४:
मतदान गर्न हुने सजिलोपनबारे मतदाताका प्रतिक्रिया

# छोटकरी नाम

| | |
|---|---|
| एनएफडीएन | राष्ट्रिय अपाङ्ग महासङ्घ, नेपाल |
| डीपीओ | अपाङ्गता भएका व्यक्तिहरूको संस्था |
| ईसीएन | निर्वाचन आयोग, नेपाल |
| एचओआर | प्रतिनिधिसभा |
| आईसीसीपीआर | नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि |
| आईसीएफ | कार्य, अपाङ्गता तथा स्वास्थ्यसम्बन्धी अन्तर्राष्ट्रिय वर्गीकरण |
| आईडी | पहिचानसम्बन्धी कागजात |
| आईएफईएस | इन्टरनेसनल फाउण्डेसन फर इलोक्टोरल सिस्टम्स |
| पीए | प्रदेशसभा |
| एसपीएसएस | सामाजिक विज्ञानमा प्रयोग हुने तथ्याङ्कसम्बन्धी सफ्टवेयर |
| सीआरपीडी | अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी राष्ट्रसङ्घीय महासन्धि |
| युएसएआईडी | अमेरिकी अन्तर्राष्ट्रिय सहयोग/विकास नियोग |
| डब्लूएचओ | विश्व स्वास्थ्य सङ्गठन |

# १ परिभाषा

### पहुँच
आफूमा अपाङ्गता भएको अनुभूति गर्ने मानिसलाई भौतिक वातावरण, सूचना, सञ्चार र सेवा, रोजगारीमा पहुँच र नागरिकका रूपमा पर्याप्त सहभागिताको अधिकार हुन्छ ।

### पहुँचयुक्त
यस शब्दले अपाङ्गता भएका व्यक्तिलगायत सबैका लागि प्रयोगयोग्य, प्रयोगकर्तामैत्री र पहुँचयुक्त हुनेगरी वस्तु, सेवा, प्रणाली (वा वातावरण) को डिजाइन गर्ने कामलाई जनाउँछ ।

### पहुँचयुक्त ढाँचा
अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त ढाँचामा रहेका छापा, श्रव्य तथा श्रव्य–दृश्य सूचनालाई जनाउँछ । उदाहरणः छापा, श्रव्य, ब्रेल, तस्बिर, पढ्न सजिलो हुने संस्करण, साङ्केतिक भाषासहितको भिडियो, साङ्केतिक भाषामा सूचना, उचित रङ संयोजन भएको ठूला अक्षरको सूचना ।

### श्रवणसम्बन्धी अपाङ्गता
सुन्ने अङ्गमा भएको गडबडीका कारण स्वर, स्वरको उतारचढाव तथा स्वरको मात्रा र गुणस्तर पहिचान गर्न नसक्नु । यसलाई दुईवटा उपसमूहमा विभाजन गर्न सकिन्छ :

(क) बहिरोपन (ख) सुस्त श्रवणशक्ति भएको अवस्था ।

## ब्रेल
पूर्णरूपमा दृष्टिविहीन तथा न्यून दृष्टिशक्ति भएका मानिसले प्रयोग गर्ने सतहबाट माथि उठेका थोप्लाबाट बुझ्न सकिने एक प्रकारको लेखन प्रणाली ।

## अपाङ्गता भएका व्यक्तिहरूका संस्था
सङ्घसंस्था दर्ता ऐन, २०३४ अनुसार दर्ता भएका तथा अपाङ्गता भएका व्यक्तिहरूले सञ्चालन गरेका गैरसरकारी संस्था ।

## निर्वाचन आयोग
निर्वाचन आयोग नेपालको संविधान र सङ्घीय कानुनको अधीनमा रही नेपालको संविधानको धारा २४५ अनुसार निर्वाचन सञ्चालन, निरीक्षण, निर्देशन तथा नियन्त्रण गर्नका लागि गठित संवैधानिक निकाय हो ।

## समावेशी
अपाङ्गता भएका व्यक्तिहरूलाई अरू नागरिकबाट छुट्याउने गरी निर्वाचनमा समायोजन गर्ने भन्दा पनि उनीहरू अरू नागरिकसरह नेतृत्वदायी पदसहित सबैखालका निर्वाचन गतिविधिमा सामेल भएका हुन्छन् ।

## बौद्धिक अपाङ्गता
बौद्धिक विकासको अभावले कुनै व्यक्तिले आफ्नो उमेर तथा परिवेश अनुसार अपेक्षित तवरले सिक्न नसक्नुका साथै दैनिक–कर्म गर्न नसक्ने अवस्था ।

## मतदानस्थल
कुनै ठाउँ (स्कुल, भवन वा खुल्ला सार्वजनिक स्थल), जहाँ एक वा एकभन्दा बढी मतदानकेन्द्र रहन्छन् ।

## मतदानकेन्द्रः
मतदान केन्दको कुनै खास क्षेत्र/कोठा वा कोठाको हिस्सा, जसलाई निर्वाचनका दिनमा प्रयोग गरिन्छ । यसलाई पोलिङ सेन्टर वा बुथ पनि भन्ने गरिन्छ ।

## अपाङ्गता भएका व्यक्ति
दीर्घकालीनरूपमा शारीरिक, मानसिक, बौद्धिक तथा ज्ञानेन्द्रियसम्बन्धी अपाङ्गता भएका व्यक्तिहरू, जसलाई समाजमा अपाङ्गता नभएका व्यक्तिसरह पूर्ण र प्रभावकारी अन्तरक्रिया गर्न थुप्रै कठिनाइ हुन्छ ।





## शारीरिक अपाङ्गता
यो एक किसिमको समस्या हो, यसबाट शरीरका अङ्गको सञ्चालन, प्रयोग र हिँडडुलमा समस्या आउँछ । स्नायु, मांशपेशी, संरचना तथा हड्डी र जोर्नीको सञ्चालनमा आउने समस्याले यस्तो हुनेगर्छ ।

## मनोसामाजिक अपाङ्गता
मानसिक स्वास्थ्यसम्बन्धी समस्याका कारण अर्थपूर्ण सहभागितामा अवरोध हुने अवस्था ।

## दृष्टिसम्बन्धी अपाङ्गता
क) दृष्टिविहीनताः औषधि सेवन गरेर, शल्यक्रिया (अपरेसन/सर्जरी) गरेर वा चस्मा वा लेन्स प्रयोग गरेर पनि १० फिटको दूरीबाट हातका दुवै औँला पहिचान गर्न नसक्ने वा सेनेलेन चार्ट (३/६०) को पहिलो पङ्क्तिमा रहेका अक्षर पढ्न नसक्ने अवस्था ।

ख) न्यून दृष्टिः औषधि सेवन गरेर, शल्यक्रिया (अपरेसन/सर्जरी) गरेर वा चस्मा वा लेन्स प्रयोग गरेर पनि २० फिटको दूरीबाट हातका दुवै औँला पहिचान गर्न नसक्ने वा सेनेलेन चार्ट (६/१८) को पहिलो पङ्क्तिमा रहेका अक्षर पढ्न नसक्ने अवस्था ।

## र्‍याम्प
कुनै संरचनाको बाहिरी वा भित्री भागबाट विभिन्न उचाइमा रहेका समतल सतहसम्म पुग्नका लागि ह्विलचियर प्रयोग गर्न सकिने गरी तयार गरिएको एक प्रकारको बनोट ।

## उपयुक्त अनुकूलता
आवश्यक परेको ठाउँमा अनुपयुक्त किसिमको बोझ नपारी गरिएको आवश्यक र उपयुक्त परिमार्जन तथा समायोजन । विशेषगरी अपाङ्गता भएका व्यक्तिले अरूसरह मानव अधिकार र आधारभूत स्वतन्त्रता उपभोग गर्न पाऊन् भनी यस प्रकारको (उचित) समायोजन गरिन्छ ।

# २ अध्ययनको सारांश

२०७४ सालमा नेपाली नागरिकले स्थानीय, प्रादेशिक र सङ्घीय गरी तीन तहका जनप्रतिनिधि र सरकारका लागि मतदान गरे । यसले २०७२ सालमा जारी भएको नेपालको संविधानलाई संस्थागत गर्न सहयोग गऱ्यो, जसले सङ्घीय शासन प्रणालीको परिकल्पना गर्नुका साथै अधिकारलाई प्रादेशिक र स्थानीय सरकारमा अधिकार प्रत्यायोजन गर्ने परिकल्पना गरेको छ । तीन तहको निर्वाचन २०७४ साल मङ्सिरमा सम्पन्न भयो । त्यस लगत्तै प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन भयो ।

इन्टरनेसनल फाउण्डेसन फर इलेक्टोरल सिस्टम्स (आईएफईएस) को प्राविधिक सहयोग र निर्वाचन आयोगसँगको परामर्शमा राष्ट्रिय अपाङ्ग महासङ्घ, नेपाल (एनएफडीएन) ले प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा अपाङ्गता भएका व्यक्तिहरूको पहुँचको अवस्थाबारे स्वतन्त्र मूल्याङ्कनसम्बन्धी गतिविधि अघि बढायो । आईएफईएसले गरेको प्राविधिक सहयोगका लागि अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोगबाट आर्थिक सहयोग मिलेको थियो ।

प्रस्तुत मूल्याङ्कन कार्यमा कानुनी ढाँचाको पुनरावलोकनका साथै मतदानमा अपाङ्गता भएका व्यक्तिहरूको पहुँचको अवस्था बुझ्न १५४ वटा मतदानकेन्द्रको अवलोकन र विभिन्न प्रदेशका सात जिल्लाका ३०८ जना अपाङ्गता भएका मतदातासँग गरिएको सर्वेक्षण समाविष्ट छ । कानुनी ढाँचाको पुनरावलोकन केन्द्रीयस्तरमा गरिएको छ । यसैगरी, जिल्ला र मतदानकेन्द्रको नमूना छनोट गर्ने काम भूगोल एवं मतदाताको प्रशासनिक हैसियत र मतदाता सङ्ख्याका आधारमा गरिएको छ । आईएफईएसले अन्तर्राष्ट्रियस्तरमै विकास गरेको अपाङ्गताको पहुँच अनुगमन रुजुसूचीका आधारमा मतदानकेन्द्रको अवलोकन गरिएको छ ।

कानुनी ढाँचाको मूल्याङ्कनबाट संविधानले सङ्घीय तथा प्रादेशिक संसद्लगायत विभिन्न राज्यसंयन्त्रमा अपाङ्गता भएका व्यक्तिहरूको समानुपातिक प्रतिनिधित्व र सहभागितालाई ठाउँ दिएको देखिन्छ । यसका साथै, अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ ले उनीहरूको राजनीतिक अधिकार संरक्षण गर्दछ । विशेषगरी यसले अरूको सहयोग लिएर वा नलिई स्वतन्त्र र भयरहित वातावरणमा निर्वाचनमा उम्मेदवार बन्ने र मतदान गर्न पाउने अधिकार को संरक्षण गर्छ । यस ऐनले नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिहरूको निर्वाचनमा पहुँच सुनिश्चित गर्नु पर्ने र निर्वाचनसम्बन्धी सामग्रीहरू प्रयोगयोग्य र बोधगम्य बनाउनु पर्ने खाँचो पनि औंल्याएको छ । नेपालले सन् २०१० मा अनुमोदन गरेको अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी राष्ट्रसङ्घीय महासन्धिको धारा २९ ले राज्यपक्षले अपाङ्गता भएका व्यक्तिहरूले राजनीतिक अधिकार उपभोग गर्ने अवसर अरूसरह समानरूपमा पाउने सुनिश्चित गर्नु पर्ने व्यवस्था गरेको छ ।

अपाङ्गता भएका व्यक्तिहरूका हकमा पूर्ववर्ती कानुनले सुनिश्चितता प्रदान गरे को भए पनि कानुनले परिभाषित गरे अनुसार निर्वाचन प्रक्रियामा उनीहरूले पाउनु पर्ने प्राथमिकता, मतदानका बेलामा नजिकको परिवारजनको सहयोग तथा मतदानकेन्द्र र मतपेटिकामा पहुँचको प्रावधानको सुनिश्चितता आवश्यक छ । मतदाता नामावलीसम्बन्धी ऐन, २०७३, प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ र प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ का केही प्रावधान संविधानको भावनासँग पूर्णरूपमा मेल खाएका छैनन् । तिनले कतिपय अवस्थामा सीआरपीडीको भावनाको उल्लङ्घन गरेका छन् । उदाहरणका लागि प्रतिनिधिसभा सदस्य निर्वाचन तथा र प्रदेशसभा सदस्य निर्वाचन ऐनको दफा ४२ ले बौद्धिक अपाङ्गता र मनोसामाजिक समस्या भएका व्यक्तिहरूलाई (तिनको परिचयबारे अपरिपक्व किसिमले गरिएको परिभाषाका आधारमा) निर्वाचनसम्बन्धी अधिकार उपभोग गर्न प्रतिबन्ध गरेको छ । यसले उनीहरूले सहयोगी छान्न पाउने स्वतन्त्रतामाथि पनि प्रतिबन्ध लगाएको छ । अपाङ्गता भएका व्यक्तिहरूलाई पहुँचयुक्त ढाँचामा निर्वाचनसम्बन्धी जानकारी उपलब्ध गर्ने, सञ्चार गर्ने विशेष व्यवस्था, मतदानकेन्द्र तथा मतदान सामग्रीसम्बन्धी मानक र उनीहरूका लागि मतदानसम्बन्धी वैकल्पिक तरिकाको अभाव रहेको यस अध्ययनबाट खुलेको छ ।

विभिन्न किसिमका अपाङ्गता भएका व्यक्तिहरूले पाउने पहुँचका आधारमा १० ९ जना अवलोकनकर्ताले मतदानकेन्द्रको भ्रमण गरे र मतदानमा अपाङ्गता भएका व्यक्तिहरूले सापेक्षितरूपमा कम मतदान गरेको पाए ।[1] (भौतिक) पहुँचको सन्दर्भमा मतदानकेन्द्र पहुँचयुक्त ठाउँ (भुँइतला) मा राख्नुपर्ने निर्वाचन आयोगको निर्देशनलाई ९६ प्रतिशत मतदानकेन्द्रमा पालना भएको पर्यवेक्षकहरूले पाए । पहुँचयुक्त प्रवेशद्वार नजिकको पार्किङस्थल ५४.५ प्रतिशत र मतदान क्षेत्रतिर जाँदा व्यवधानरहित बाटोको मान्यतालाई ७० प्रतिशत मतदानकेन्द्रले पालना गरे को उनीहरूले पाए । यसैगरी, उनीहरूले ५ प्रतिशत मतदानकेन्द्रमा र्‍याम्प निर्माण भएको र ३० प्रतिशत मतदानकेन्द्रमा ह्विलचियर प्रयोगकर्ताका लागि पर्याप्त ठाउँ नभएको पाए । समग्रमा मतदानकेन्द्रहरू अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँचयुक्त थिए तर दृष्टिसम्बन्धी, श्रवणसम्बन्धी र बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूका लागि भने यसो भन्न सकिने अवस्था थिएन ।

पर्यवेक्षकहरूले ९५ प्रतिशत मतदानकेन्द्रमा पर्याप्त प्रकाशको व्यवस्था भएको पाए तर ब्रेल, श्रव्य र छोएर सञ्चार हुने मतदान निर्देशिका भने कतै भेटिएन । दृष्टिसम्बन्धी अपाङ्गता भएका मतदाताका लागि ब्रेल वा छोएर सञ्चार हुने मतपत्र र मतपत्रको नमूना पनि भेटिएनन् । मतपत्रका चिह्नका आकार साना र धेरै चिह्न भए पनि ठूला मतपत्र प्रदर्शनीमा राखिएको वा चिह्न ठूलो देखिने म्याग्निफाइङ ग्लास कुनै पनि मतदान केन्द्रमा राखिएको पर्यवेक्षकहरूले पाएनन् । यसैगरी, उनीहरूले १५ प्रतिशत निर्वाचनका काममा खटिएका कर्मचारीले मात्र सुस्त श्रवण मतदातालाई सञ्चार गरेर सहयोग गरेको पाए । १० प्रतिशत मतदानकेन्द्रमा साङ्केतिक भाषाका दोभासे राखिएको पाइयो । यस्तो व्यवस्था अपाङ्गता भएका व्यक्तिका संस्थाले गरेका थिए ।

पर्यवेक्षकहरूले मतदानकेन्द्रमा उपलब्ध सहायताबारे पनि जानकारी सङ्कलन गरेका छन् । सहायता आवश्यक भएका व्यक्तिहरूका लागि लगभग २८ प्रतिशत मतदानकेन्द्रमा मात्र हेल्पडेक्स स्थापना भएका थिए । १९.५ प्रतिशत मतदानकेन्द्रमा मात्र अपाङ्गता भएका निर्वाचनका काममा खटिएका कर्मचारी थिए । ४५ प्रतिशत मतदानकेन्द्रमा तालिमप्राप्त निर्वाचनका काममा खटिएका कर्मचारी थिए । मतदानकार्यलाई सहयोग पुग्नेगरी मतदानबारे व्याख्या गरिएका निर्वाचनसम्बन्धी विज्ञापन वा सूचना (भोटिङ एड) र यस्तै सेवा २९ प्रतिशत मतदानकेन्द्रमा मात्र थिए । पर्यवेक्षकहरूले भ्रमण गरेका मतदानकेन्द्रमध्ये ८४.४ प्रतिशत मतदानकेन्द्रमा अपाङ्गता भएका मतदाता मतदान सहयोगी छान्न सक्षम भए । पर्यवेक्षकहरूले, मतदान गर्ने बुथ खुला ठाउँमा भएको र बुथनजिक सुरक्षाकर्मी उभिएका कारण लगभग ७ प्रतिशत मतदानकेन्द्रमा मतदानको गोपनीयता भङ्ग भएको पनि पाए ।

मूल्याङ्कनको अन्तिम खण्डका रूपमा अपाङ्गता भएका मतदाताबीचमा सर्वेक्षण गरियो । निर्वाचन प्रक्रियामा आफ्ना पहुँचबारे उनीहरूका धारणा जान्न र मताधिकारसम्बन्धी अभ्यास गर्दा उनीहरूका अनुभव सङ्कलन गर्ने अभिप्रायले सर्वेक्षण गरिएको हो । २० प्रतिशत मतदाताले मतदाता नामावलीमा नाम दर्ता गर्न जाँदा सकारात्मक अनुभव सँगालेको बताए । १५ प्रतिशत उत्तरदाताले राजनीतिक दल वा उम्मेदवारबाट निर्वाचनसम्बन्धी जानकारी पाएको बताए भने र २३ प्रतिशत उत्तरदाताले आमसञ्चारका माध्यमबाट जानकारी पाएको बताए । निर्वाचनमा पहिलो हुने निर्वाचित हुने प्रणालीका लागि दुईवटा मतपत्र र समानुपातिक प्रणालीका १७० देखि १७५ मतचिह्न भएका मतपत्र राखिएका थिए । मतपत्रसम्बन्धी जटिलता हुँदाहुँदै पनि ८५ प्रतिशत उत्तरदाताले मतपत्र बुझ्न सहज भएको बताए । करिब ९० प्रतिशत उत्तरदाताले आफूले चाहेको चिह्न पहिचान गर्न सकेको बताए र त्यही अनुपातका उत्तरदाताले मतपत्र पट्याउन र त्यसलाई मतपेटिकामा खसाल्न सहज भएको उत्तर दिए । यद्यपि, ३२.५ प्रतिशत मतदाताले मतपत्रमा रहेका चिह्न पहिचान गर्न गाह्रो भएको विचार व्यक्त गरे । ९३.८ प्रतिशत उत्तरदाताले मतदानका लागि पर्याप्त समय पाएको बताए । दुईतिहाइ मतदाताले मतदानकार्य सहज नभएको अनुभव सँगालेको पाइयो । ब्रेल वा छोएर सञ्चार हुने प्रणालीको अभावमा मतचिह्न पहिचान गर्न कठिन हुनु, ह्विलचियर प्रयोगकर्ताका लागि पर्याप्त पार्किङस्थल नहुनु, मतपत्रमा छाप लगाउन राखिएको टेबल अग्लो हुनु तथा सुस्त श्रवण व्यक्तिहरूका लागि साङ्केतिक भाषाका दोभासे वा साङ्केतिक भाषामा जानकारी नहुनु जस्ता कारणले उनीहरूका लागि मतदानकार्य सहज नभएको पाइयो ।

निष्कर्षमा २०७४ सालमा सम्पन्न प्रतिनिधिसभा तथा र प्रदेशसभा निर्वाचन अपाङ्गता भएका व्यक्तिहरूका लागि पूर्णरूपमा पहुँचयुक्त रहेनन् । यसलाई ध्यानमा राखी एनएफडीएनले निम्न अनुसारको सिफारिस गरेको छः

१. निर्वाचन कानुनले निर्वाचित हुने पदमा अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधित्व प्रत्याभूत गर्नुपर्छ ।

१ कुल मतदातामध्ये ६८ प्रतिशत मतदाताले मतदान गरे । यो सङ्ख्या २०६८ सालमा भएको राष्ट्रिय जनगणना अनुसार कुल मतदान गर्ने उमेर पुगेको जनसङ्ख्याको ५५ प्रतिशत हो ।

२. निर्वाचन प्रक्रियामा कुनै अवरोध भएमा अपाङ्गता भएका व्यक्तिहरूले आफ्ना अधिकार उपभोग गर्ने र उजुरी दर्ता गर्ने अधिकार सुनिश्चित गर्न कानुनी ढाँचामा संशोधन आवश्यक छ ।

३. निर्वाचन आयोगको कार्यविधिमा एकाघरको सदस्य भन्ने वाक्यांशलाई फराकिलो गरी परिभाषित गरिनुपर्छ र मतदान अधिकृतमा रहेको कसलाइ मत खसाल्न दिने भन्ने तजबिजी अधिकारलाई सीमित गरिनुपर्छ ।

४. बौद्धिक तथा मनोसामाजिक अपाङ्गता भएका व्यक्ति वा अन्य कुनै पनि व्यक्तिको मताधिकार कुनै पनि अवस्थामा अस्वीकार गरिनु हुँदैन ।

५. निर्वाचन आयोगको नियमावली तथा कार्यविधिले अपाङ्गता भएका व्यक्ति र सीमान्तकृत समूहका व्यक्तिहरूलाई निर्वाचनसँग सम्बन्धित पदमा आवेदन दिन प्रात्साहन गर्नुपर्छ र निर्वाचन आयोगले मतदान केन्द्रमा कम्तीमा एक जना सदस्य (निर्वाचनको काममा खटिएका कर्मचारी) अपाङ्गता भएका व्यक्ति राख्ने व्यवस्थालाई सुनिश्चित गर्नुपर्छ ।

६. मतदान केन्दमा पहुँच र पहुँचयुक्त निर्वाचन सामग्रीबारे सीआरपीडीले तय गरेका अन्तर्राष्ट्रिय प्रावधानहरू पूरा गर्न निर्वाचन आयोगले कानु र कार्यविधिमा विशेष प्रावधान समावेश गर्ने र त्यसलाई संसद्ले पारित गर्नुपर्छ ।

७. पहुँचसम्बन्धी मापदण्ड पर्याप्त किसिमले पूरा गरिएको सुनिश्चित गर्नका लागि निर्वाचन आयोगले मतदानकेन्द्र व्यवस्थापनका लागि पहुँचसम्बन्धी रुजुसूची लागू गर्नुपर्छ र ती मतदानकेन्द्रको उपयुक्त अनुगमन पनि गर्नुपर्छ ।

८. निर्वाचन आयोगले अपाङ्गता भएका मतदाताको पहुँच र सहायताका लागि निर्वाचनका काममा खटिएका कर्मचारी वा निर्वाचनसम्बन्धी सबै कर्मचारीलाई तालिम सुनिश्चित गर्नुपर्छ ।

९. निर्वाचन आयोगले अपाङ्गता भएका मतदाताका संवेदनशीलता र उचित समायो जनबारे मतदाता शिक्षकलाई उपयुक्त शिक्षा दिनुपर्छ ।





१०. निर्वाचन आयोगले मतदाता नामावलीमा नाम दर्ता गर्ने क्रममा अपाङ्गता भएका मतदातालाई कस्ता किसिमका सहायता आवश्यक पर्छ भन्नेबारे तथ्याङ्क सङ्कलन गर्नुपर्छ, जसबाट उनीहरूका लागि उपयुक्त किसिमको मतदाता शिक्षा र मतदानका दिन उचित समायो जनमा सहजीकरण गर्न सकियोस् ।

११. निर्वाचन आयोगले मतदाता नामावली दर्तासम्बन्धी फारम र मतदातासम्बन्धी तथ्याङ्क सङ्कलन प्रक्रिया नेपाल सरकारले अङ्गीकार गरेको अपाङ् गतासम्बन्धी परिभाषा र वर्गीकरणसँग मिल्दो हुने सुनिश्चित गर्नुपर्छ ।

१२. घुम्ती शिविर र घरधुरी भ्रमण (मतदाता नामावली दर्ता गर्ने प्रयोजनका लागि) का माध्यमबाट नागरिकताको प्रमाणपत्र प्राप्तिका साथै मतदाता नामावली दर्ता प्रक्रिया सुधार्नका लागि जनचेतना र पहुँच अभिवृद्धि गर्न नेपाल सरकार र निर्वाचन आयोगले सहकार्य गर्नुपर्छ । मतदाता नामावली दर्ताका लागि नागरिकताको प्रमाणपत्र पूर्वशर्त भएकाले पनि यस्तो अभियान सञ्चालन गर्न' आवश्यक छ ।

१३. निर्वाचनको प्रचार प्रसारका क्रममा गरिने भाषणमा हेयकारी टिप्पणी गर्न नपाउने गरी निर्वाचन आयोगले आचारसंहिता जारी गरेर त्यसलाइ पूर्ण पालना गराउनुपर्छ ।

१४. निर्वाचन आयोगले निर्वाचनलाई अपाङ्गतामैत्री बनाउन सबै निर्वाचन साझेदार (नपाल सरकार, राजनीतिक दल, सङ्घीय तथा प्रदेश सांसद, निर्वाचन पर्यवेक्षक, नागरिक समाज र अपाङ्गता भएका व्यक्तिहरूका संस्था) लाई जनचेतना अभिवृद्धि र सहकार्यका माध्यमबाट अभिमुखीकरण गर्नुपर्छ ।

१५. अपाङ्गता भएका व्यक्तिहरू निर्वाचनमा सहभागी हुनेक्रममा आउने व्यवधान हटाउन भएका प्रयासबारे प्रत्येक आमनिर्वाचनपछि सङ्घीय संसद्ले निर्वाचन आयोगसँग प्रतिवेदन उपलब्ध गराउन अनुरोध गर्नुपर्छ ।

# ३ परिचय

हरेक व्यक्तिलाई सीधै वा स्वतन्त्र किसिमले छानिएका जनप्रतिनिधिका रूपमा आफ्नो देशको सरकारमा सहभागी हुने अधिकार छ ।[२] राजनीतिक तथा सार्वजनिक जीवनमा अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता, समावेशिता र प्रतिनिधित्व समावेशी, स्वस्थ्य र सुदृढ लोकतन्त्रका आधारभूत पक्ष हुन् । नेपाल अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी राष्ट्रसङ्घीय महसन्धि (सीआरपीडी) को पक्षराष्ट्र हो। यस सन्धिले अपाङ्गता भएका व्यक्तिहरूले अरूसरह समानरूपमा राजनीतिक अधिकार उपभोग गर्न पाउने व्यवस्था राज्यपक्षले प्रत्याभूत गर्नेछ भनेको छ ।[३] यसमा निर्वाचन तथा मतदान प्रक्रिया एवं निर्वाचन सामग्री अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँचयुक्त र उपयुक्त बनाउने, निर्वाचनका लागि उपयुक्त वातावरण बनाउने, सबै नागरिकले स्वतन्त्र किसिमले मताधिकार उपभोग गर्न पाउने सुनिश्चित गर्ने जस्ता कुराहरू पर्छन् ।

नेपालको संविधानले समानुपातिक समावेशी सिद्धान्तका आधारमा[४] प्रदेशसभा र सङ्घीय प्रतिनिधिसभामा समानुपातिक प्रतिनिधित्व हुनेगरी निर्वाचनको व्यवस्था गरेको छ । अपाङ्गता भएका व्यक्तिसम्बन्धी कानुन, २०७४ ले विशेषरूपमा अपाङ्गता भएका व्यक्तिहरूलाई निर्वाचनमा उम्मेदवार बन्न, कसैको सहायता लिएर वा नलिइकन स्वतन्त्र र भयरहित किसिमले मतदान गर्न समान अधिकार दिएको छ । यसका साथै, निर्वाचनसम्बन्धी कानुन, नीति र निर्देशिकाले पनि न्यायसङ्गत किसिमले सहभागी हुन पाउने अधिकार प्रदान गरेका छन् । कानुनले यस्ता अधिकार प्रत्याभूत गरेका भए पनि अपाङ्गता भएका व्यक्तिहरूले निर्वाचन प्रक्रियामा सहभागी हुनेक्रममा धेरैखाले व्यवधान र भेदभावको सामना गर्नु परिरहेको छ । अपाङ्गता भएका व्यक्तिहरूको भौतिक पहुँचमा सुधार गर्नु र उनीहरूलाई सहायता प्रदान गर्नु नै मुख्य पक्ष हुन्, जसले नेपालमा अपाङ्गता भएका व्यक्तिहरूको समान अधिकार स्थापित गर्न सहयोग गर्नेछ ।

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोगले आर्थिक सहयोग गरेको दुई वर्षे कार्यक्रम कार्यान्वयन गर्न सन् २०१३–२०१४ मा राष्ट्रिय अपाङ्ग महासङ्घ, नेपाल (एनएफडीएन) ले इन्टरनेसनल फाउण्डेसन फर इलेक्टोरल सिस्टम्स (आईएफईएस) सँग सहकार्य गरेको थियो । २०७० सालमा भएको संविधानसभा सदस्य निर्वाचनमा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच तथा उनीहरूको सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक तथा निर्वाचन प्रक्रियामा स्थानीय समूहहरूको परिचालनमा भएको प्रगतिका दृष्टिले स्वतन्त्र अनुगमन गरेर यो कार्यक्रम शुरु गरिएको हो । औपचारिक तथा अनौपचारिक समूहमा रहेका अपाङ्गता भएका धेरै व्यक्ति, संस्था र सरकारी निकाय (निर्णय गर्ने पदमा रहेकाहरू) लाई समावेशीकरणको प्रवाहमा सामेल गर्न कार्यक्रमको पछिल्लो चरण सक्षम भयो । त्यस अनुगमनले एनएफडीएनलाई विविध सरोकारवालासमक्ष प्रमाणमा आधारित पैरवी गर्ने क्षमता प्रदान गर्‍यो । संविधानको मस्यौदा तयार गर्ने प्रक्रियामा पनि त्यसका निष्कर्ष फलदायी रहे ।

२०७० साल (सन् २०१३) मा भएको निर्वाचनमा अनुगमन टोलीले १७ वटा जिल्लाका १२५ वटा मतदानकेन्द्रको अनुगमन गरे । टोलीले अपाङ्गता भएका व्यक्तिहरूको पहुँच ज्यादै न्यून रहेको र गम्भीर प्रकृतिका अपाङ्गता भएका व्यक्तिहरूले सञ्चार र भौतिक व्यवधानसहित प्रवृत्तिगत समस्या भोग्न बाध्य भएको निष्कर्ष निकाले । दृष्टिसम्बन्धी, श्रवणसम्बन्धी तथा बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको मतदाता शिक्षासम्बन्धी सामग्रीमा पहुँच नभएको, ह्विलचियर वा बैशाखी प्रयोग गर्नेहरूका लागि मतदानकेन्द्र धेरै हदसम्म पहुँचयुक्त नभएको तथा निर्वाचन अधिकारीहरूले अपाङ्गता भएका व्यक्तिलाई निर्वाचनका दिन सवारी साधन प्रयोग गर्न अनुमति दिए पनि ज्येष्ठ नागरिक तथा गर्भवतीहरूले आवागमनसम्बन्धी समस्या भोग्नुपरेको निष्कर्ष पनि अनुगमन टोलीले निकालेका छन् ।

यस्ता प्रयास हुँदाहुँदै पनि यसपछि (वसन्तकालमा) भएका निर्वाचनमा समेत

२ धारा २१, मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र (यूडीएचआर)

३ अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी राष्ट्रसङ्घीय महसन्धि (सीआरपीडी)

४ नेपालको संविधान, धारा ४२



नेपालको निर्वाचन प्रक्रियामा अपाङ्गता भएका व्यक्तिहरूको

अपाङ्गता भएका व्यक्तिहरूले स्वतन्त्र तरिकाले मत खसाल्न नपाएको गुनासो गरे । प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन ऐनका परिच्छेद ४२ ले परिवारका सदस्य वा मतदान अधिकृतले मात्र मतदानकार्यमा सहयोग गर्न पाउने अनुमति दिएकाले दृष्टिसम्बन्धी अपाङ्गता भएका व्यक्ति स्वतन्त्ररूपले मतदानकार्यमा सघाउने व्यक्ति छान्न असमर्थ रहे । यसका अतिरिक्त, सुस्त श्रवण मतदाताका लागि मतदानका बारेमा दिइएका जानकारी (शिक्षा) पहुँचयुक्त रहेनन् । उनीहरूले निर्वाचनका दिनमा सञ्चारसम्बन्धी समस्या भोग्नुपरेको गुनासो गरे । साथै, कानुनले प्रतिबन्ध लगाएकाले बौद्धिक अपाङ्गता भएका व्यक्तिहरू मतदानकार्यबाट वञ्चित रहे (प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन ऐन, दफा ४२) ।

नेपालमा धेरै वटा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाले निर्वाचन पर्यवेक्षण गरेका छन् । निर्वाचन अन्तर्राष्ट्रियस्तरको भएको सुनिश्चित गर्न एवं भूगोल, लिङ्ग, जाति तथा जनजातिको सहभागिता के कस्तो रह्यो भन्ने अवलोकन गर्न पर्यवेक्षण टोली परिचालन भएका हुन् । तर, यी पर्यवेक्षण टोलीले अपाङ्गता भएका व्यक्तिहरूको सहभागितासम्बन्धी मामिलालाई पूर्णरूपमा समेटेका छन् भन्न सकिँदैन । उनीहरू (अपाङ्गता भएका व्यक्तिहरू) को अर्थपूर्ण सहभागिता र पहुँचमा आएका व्यवधानबारे कमै छलफल भएका छन् ।

त्यसकारण, एनएफडीएनले २०७४ सालमा दुई चरण (मङ्सिर १० र मङ्सिर २१ गते) मा सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता र पहुँचको मूल्याङ्कन गर्ने अभिप्रायले अनुगमनको कामलाई अगाडि बढायो । अमेरिकी अन्तर्राष्ट्रिय सहयोग नियोगको आर्थिक सहयोग, आईएफईएससँगको सहकार्य तथा निर्वाचन आयोगसँगको परामर्शमा एनएफडीएनले ७ वटा जिल्ला (हरेक प्रदेशका एक जिल्ला) का १५४ मतदानकेन्द्र[५] (१०९ मतदानस्थल) को अवलोकन गऱ्यो ।

२०७४ सालमा सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा अपाङ्गता भएका व्यक्तिहरूको पहुँचको मूल्याङ्कन गर्नु र अध्ययनका निष्कर्ष सरोकार वाला साझेदारहरूसमक्ष प्रवाह गर्नु अवलोकनकार्यको तत्कालको उद्देश्य थियो । अध्ययनको निष्कर्षले भविष्यमा हुने निर्वाचनमा अपाङ्गता भएका व्यक्तिहरूका पक्षमा प्रमाणमा आधारित पैरवी गर्ने कार्यमा योगदान पुग्छ भन्ने अपेक्षा पनि गरिएको छ ।

५ एउटा मतदान स्थलमा एकभन्दा बढी मतदान केन्द्र हुनसक्छन् । नमूना छनोट विधिसम्बन्धी विवरण यस प्रतिवेदनको 'कार्यपद्धति' परिच्छेदमा राखिएको छ ।





# ४ नेपालमा अपाङ्गतासम्बन्धी तथ्याङ्क

विक्रम संवत २०६८ सालको राष्ट्रिय जनगणनाले नेपालमा अपाङ्गता भएका व्यक्तिहरू २ प्रतिशत रहेको उल्लेख गरेको छ ।[६] विश्व स्वास्थ्य सङ्गठन (डब्लूएचओ) ले प्रकाशन गरेको विश्व अपाङ्गतासम्बन्धी प्रतिवेदनले विश्वमा १५ प्रतिशत जनसङ्ख्यामा विभिन्न किसिमका अपाङ्गता रहेको दाबी गरेको छ । यीमध्ये अधिकांश अपाङ्गता भएका व्यक्ति विकासशील र अल्पविकसित मुलुकहरूमा बस्छन् ।

अपाङ्गता अधिकारसम्बन्धी अभियन्ता, संस्था तथा अन्य सरोकारवाला निकायहरू २०६८ सालको राष्ट्रिय जनगणनाबाट प्राप्त आँकडाप्रति विश्वस्त छैनन् । सहायता आवश्यक भएका व्यक्तिहरूबारे 'वाशिङ्टन ग्रुप'[७] ले सिफारिस गरेको र राम्ररी परीक्षण गरिएको प्रश्नावली राष्ट्रिय जनगणनामा उपयुक्त किसिमले उपयोग गरिएन । नेपाल सरकार, डब्लूएचओ र विश्व बैङ्कले गरेका परिभाषा र तिनले गरेका वर्गीकरणमा पनि भिन्नता छ । यसका साथै, विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको पहिचान गर्ने दिशामा गणकहरूले खास तालिम पाएका थिएनन् र तिनले प्रष्टरूपमा चिनिएका अपाङ्गता भएका व्यक्ति वा अपाङ्गतासम्बन्धी परिचयपत्र भएका व्यक्तिलाई मात्र गणना गरी स्पष्टरूपमा नचिनिएकालाई छुटाएको देखिन्छ । यसका अतिरिक्त, परिवारको एक जना

६ २०६८ सालको राष्ट्रिय जनगणनाले नेपालको कुल जनसङ्ख्या २,६४,९४,५०४ र अपाङ्गता भएका व्यक्तिहरूको सङ्ख्या ५,१३,३२१ (१.९४ प्रतिशत) देखाएको छ ।

७ https://www.cdc.gov/nchs/washington_group/wg_questions.htm

सदस्यसँग मात्र अन्तर्वार्ता लिइएको थियो । परिवारले अपाङ्गता भएका सदस्य (विशेषगरी बौद्धिक अपाङ्गता, मनोसामाजिक अपाङ्गता, अटिज्म र बहु–अपाङ्गता भएका व्यक्ति) लाई सार्वजनिक नगर्ने प्रचलनले पनि जनगणनामा सङ्ख्या कम देखिएको हो ।



तस्बिर १: अपाङ्गता भएका मतदातालाई सहयोग गर्दै स्वयंसेवीहरू



तस्बिर २: पर्यवेक्षकले अपाङ्गता भएका मतदाताको अन्तर्वार्ता लिदै

# ५ मूल्याङ्कन सम्बन्धी कार्यपद्धति

विक्रम संवत २०७४ सालमा सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका अवधिमा अपाङ्गता भएका व्यक्तिहरूको सहभागिताका दृष्टिले स्वतन्त्र मूल्याङ्कनमा निम्न अनुसारका पक्ष समाविष्ट छन्:

१. निर्वाचनसम्बन्धी कानुनी संरचनाको पुनरावलोकन,
२. निर्वाचनमा अपाङ्गता भएका व्यक्तिहरूको पहुँचका दृष्टिले मतदान प्रक्रियाको पर्यवेक्षण,
३. अपाङ्गता भएका मतदाताको पहुँचबारे उनीहरूका धारण वा अनुभवबारे मूल्याङ्कन गर्न उनीहरूसँगै अन्तर्वार्ता ।

अन्तर्राष्ट्रिय मापदण्डका आधारमा कानुनी ढाँचाको पुनरावलोकन केन्द्रीयरूपमा गरिएको थियो । एनएफडीएन र यसका साझेदार डीपीओहरू पर्यवेक्षण र सर्वेक्षणमा संलग्न भएका थिए, जुन हरेक प्रदेशमा एउटा जिल्ला पर्ने गरी सात वटा जिल्लामा सञ्चालन गरियो । तलका परिच्छेदमा नमूना छनोट र मूल्याङ्कन कार्यपद्धतिबारे विस्तृत विवरण दिइएको छ ।

## ५.१ जिल्ला तथा मतदानकेन्द्र छनोट

निर्वाचन आयोग र अपाङ्गता भएका व्यक्तिहरूका संस्थासँग परामर्शमा

हरेक प्रदेशबाट एउटा जिल्ला छानियो। यसो गर्दा हिमाली, पहाडी, तराई क्षेत्रको सन्तुलनलाई विचार गरियो । साथै, ग्रामीण तथा शहरी क्षेत्रबीच प्रशासनिक हैसियत तथा मतदाता सङ्ख्या र जनघनत्वलाई विचार गरेर १५४ वटा मतदानस्थल पर्यवेक्षणका लागि छानिए । तोकिएका मतदानस्थल अपाङ्गता भएका पर्यवेक्षकका लागि पहुँचयुक्त होऊन् भनी अध्ययनका लागि नमूना छनोट गर्दा श्रेणीबद्ध छनोटविधिमा मात्र भर पर्ने काम गरिएन । परिणामस्वरूप पर्यवेक्षकका लागि मतदान गर्न पायक पर्ने नजिकका मतदानस्थल छानिए ।

छानिएका मतदानकेन्द्रमध्ये अधिकतम मतदानकेन्द्र कैलाली जिल्ला (५५) र न्यूनतम सिन्धुली जिल्ला (१०) परे ।

| प्रदेश | जिल्ला | भौगोलिक क्षेत्र | मतदानकेन्दहरूको सङ्ख्या |
|---|---|---|---|
| १ | सङ्खुवासभा | पहाड | १६ |
| २ | सप्तरी | तराई | २२ |
| ३ | सिन्धुली | पहाड | १० |
| ४ | पर्वत | पहाड | २० |
| ५ | बर्दिया | तराई | १९ |
| ६ | जुम्ला | हिमाल | १२ |
| ७ | कैलाली | तराई | ५५ |
| जम्मा | | | १५४ |

तालिका १: पर्यवेक्षणका लागि छानिएका जिल्ला र मतदानकेन्द्र

## ५.२ मूल्याङ्कन-विधि

निर्वाचनको दिनमा मतदान प्रक्रियाको पर्यवेक्षण गरिनुका साथै निर्वाचनसम्बन्धी कानुनी ढाँचाको पुनरावलोकन गर्ने तथा अपाङ्गता भएका मतदाताको सर्वेक्षण गरियो । आईएफईएससँगको सहकार्यमा एनएफडीएनले तयार पारेको निर्वाचनको दिनमा गरिने अनुगमनसम्बन्धी रुजुसूचीलाई मतदानस्थलको अवस्था र परिवेशबारे जानकारी सङ्कलन गर्न प्रयोग गरियो, जसमा भौतिक पहुँच, सूचनाको पहुँच, सहायता, ज्ञान, धारणा, निर्वाचनको काममा खटिएका कर्मचारीले अपाङ्गता भएका मतदातामाथि गर्ने व्यवहार समेटिएका थिए ।



नेपालको निर्वाचन प्रक्रियामा अपाङ्गता भएका व्यक्तिहरूको

अपाङ्गता भएका मतदाताको निर्वाचन प्रक्रियामा सहभागितासम्बन्धी धारणा र अनुभव सङ्कलन गर्ने अभिप्रायले पर्यवेक्षकहरूले बेग्लै छोटा प्रश्नावली पनि प्रयोग गरे ।

## ५.३ पर्यवेक्षक छनोट र तालिम

अपाङ्गता भएका व्यक्तिहरूका संस्था (डीपीओ) तथा सम्बन्धित 'फोकल पर्सन' हरूको सिफारिसमा पर्यवेक्षक छनोट गरिए । छनोट गरिएका सदस्य डीपीओ वा अपाङ्गता अधिकारसम्बन्धी स्थानीय अभियन्ताहरूलाई पर्यवेक्षक सिफारिस गर्ने र समन्वय गर्ने जिम्मेवारी दिइयो । निर्वाचन आयोगले तयार पारेको मापदण्ड तथा नियमका साथै एनएफडीएनले अपाङ्गता भएका महिला, विभिन्न किसिमका अपाङ्गता भएका व्यक्ति एवं बौद्धिक अपाङ्गता भएका बालबालिकाका अभिभावकलाई पर्यवेक्षक बन्न प्राथमिकता दियो । यही अन'रूप पर्यवेक्षण टोलीमा १०९ जनालाई छनोट गरियो ।

| जिल्ला | पर्यवेक्षणको सङ्ख्या | लिङ्ग | | अपाङ्गताका प्रकार | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | शारीरिक | दृष्टिविहीन | न्यून दृष्टियुक्त | बहिरा | अभिभावक |
| सङ्खुवासभा | १५ | ७ | ८ | १४ | ० | १ | ० | ० |
| सप्तरी | २२ | १३ | ९ | १९ | ० | ० | १ | २ |
| सिन्धुली | ९ | २ | ७ | ६ | ० | ० | १ | २ |
| पर्वत | १२ | ९ | ३ | १० | १ | ० | १ | ० |
| बर्दिया | १८ | ११ | ७ | १३ | २ | १ | ० | २ |
| जुम्ला | १२ | ५ | ७ | ८ | १ | २ | ० | १ |
| कैलाली | २१ | ९ | १२ | १६ | ४ | १ | ० | ० |
| जम्मा | १०९ | ५६ | ५३ | ८६ | ८ | ५ | ३ | ७ |

तालिका २: पर्यवेक्षणका लागि जिल्ला, लिङ्ग र अपाङ्गताका प्रकारसम्बन्धी विवरण

पर्यवेक्षक छनोट गरिएपछि आईएफईएसले एनएफडीएनका 'फोकल पर्सन' हरूका लागि सघन किसिमको अभिमुखीकरण कार्यक्रम (तालिम) सञ्चालन गर्‍यो । यसपछि एनएफडीएनले विराटनगर (मोरङ), हेटौँडा (मकवानपुर), गुलरिया (बर्दिया) र धनगढी (कैलाली) मा तालिम सञ्चालन गर्‍यो । यी तालिम आईएफईएसको सहयोगमा एनएफडीएनका ....फोकल पर्सन' हरूको नेतृत्वमा

सञ्चलान भए । सम्बन्धित जिल्लाका निर्वाचन कार्यालयका स्रोतव्यक्ति र डीपीओ का प्रतिनिधिलाई पनि प्रशिक्षकका रूपमा परिचालन गरियो । तालिममा छलफल गरिएका विषयवस्तु यसप्रकार थिए :

- निर्वाचन पर्यवेक्षणको आवश्यकता र महत्व,
- अपाङ्गतका दृष्टिले निर्वाचन पर्यवेक्षण,
- निर्वाचनसम्बन्धी कानुनी प्रावधान,
- निर्वाचन आचार–संहिता,
- नमूना मतदानलगायतका मतदान प्रक्रिया,
- निर्वाचन पर्यवेक्षकका काम र जिम्मेवारी,
- निर्वाचनका दिनमा पर्यवेक्षण रुजुसूचीको प्रयोग,
- मतदाता सर्वेक्षणसम्बन्धी प्रश्नावलीको प्रयोग ।

| क्र.स. | तालिम स्थल | तालिम सञ्चालन भएका जिल्ला | तालिम भएको मिति | सहभागी सङ्ख्या |
|---|---|---|---|---|
| १ | विराटनगर | सप्तरी र सङ्खुवासभा | २०७४ साल कात्तिक २८–२९ गते | ३९ |
| २ | हेटौँडा | सिन्धुली र पर्वत | २०७४ साल मङ्सिर ६–७ गते | २३ |
| ३ | गुलरिया | जुम्ला र पर्वत | २०७४ साल मङ्सिर २–३ गत | ३० |
| ४ | धनगढी | कैलाली | २०७४ साल मङ्सिर २–३ गते | २२ |
| जम्मा | | | | ११४* |

**तालिका ३: तालिमको मिति, स्थल र सहभागी सङ्ख्या**

*तालिमका प्रशिक्षकमा निर्वाचनका दिनमा अनुगमनमा सहभागी नभएका क्षेत्रीय 'फोकल पर्सन' हरू पनि थिए ।

## ५.४ पर्यवेक्षक परिचालन

विक्रम संवत २०७४ सालको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन दुई चरणमा सम्पन्न भयो । मङ्सिर १० गते भएको पहिलो चरणको निर्वाचनमा हिमाली र पहाडी क्षेत्रका ३२ जिल्ला र मङ्सिर २१ भएको दोस्रो चरणको निर्वाचनमा मध्यपहाडी र तराईका ४५ जिल्ला समेटिए । पर्यवेक्षणका लागि छानिएका जिल्लामध्ये जुम्ला अनि सङ्खुवासभामा पहिलो चरणमा र सप्तरी, सिन्धुली, पर्वत, बर्दिया अनि कैलालीमा दोस्रो चरणमा निर्वाचन भयो । एनएफडीएनले पहिलो चरणमा निर्वाचन भएका जिल्लामा २७ जना र दोस्रो चरणमा निर्वाचन भएका जिल्लामा ८२ जना पर्यवेक्षक खटायो ।





| क्र.सं. | जिल्ला | खटाइएका पर्यवेक्षकको सङ्ख्या | मतदानस्थलको सङ्ख्या |
|---|---|---|---|
| १ | सङ्खुवासभा | १५ | १६ |
| २ | सप्तरी | २२ | २२ |
| ३ | सिन्धुली | ९ | १० |
| ४ | पर्वत | १२ | २० |
| ५ | बर्दिया | १८ | १९ |
| ६ | जुम्ला | १२ | १२ |
| ७ | कैलाली | २१ | ५५ |
| जम्मा | | १०९ | १५४ |

**तालिका ४: पर्यवेक्षक परिचालन**

## ५.५ अपाङ्गता भएका मतदाताको सर्वेक्षण

पर्यवेक्षकहरूले निर्वाचनका दिन अपाङ्गता भएका ३०८ जना मतदाताको अन्तर्वार्ता लिए । यी अन्तर्वार्ता पूर्वपरीक्षण गरिएका प्रश्नावलीका आधारमा लिइए, जसका माध्यमबाट मतदाताको पहुँच र सहजताबारे मूल्याङ्कन गर्ने प्रयास गरियो । अपाङ्गता भएका मतदाता (जो पर्यवेक्षक पनि थिए) र मतदान गरेका अपाङ्गता भएका व्यक्ति (यद्यपि पर्यवेक्षकले उनीहरूले मतदान गरेका प्रत्यक्ष अवलोकन गरेनन्) सँग स्वेच्छिकरूपमा अन्तर्वार्ता लिइयो । अपाङ्गता भएका मतदाताको सङ्ख्या न्यून भएकाले कुनै छनोटविधि अपनाइएन । यसमा यथासम्भव धेरै प्रतिक्रिया सङ्कलन गर्ने अभिप्राय पनि राखिएको थियो ।

## ५.६ तथ्याङ्क प्रविष्टि तथा विश्लेषण

पर्यवेक्षकले सङ्कलन गरेका तथा सर्वेक्षणबाट प्राप्त आँकडालाई एनएफडीएन र आईएफईएसले एसपीएसएस प्रणालीमा संयुक्तरूपमा प्रविष्टि गरे । तथ्याङ्क प्रविष्टि गर्ने काम २०७४ साल पुस २६ गते सम्पन्न भयो । त्यसपछि आईएफईएसको प्राविधिक मार्गदर्शनमा तथ्याङ्क तथा विश्लेषण गरियो ।

## ५.७ सीमा

निर्वाचनको साँगुरो समयसीमामा मूल्याङ्कन (अध्ययन) टोली खटाइएको थियो। त्यसकारण, सीमित क्षेत्रमा पर्यवेक्षण गरियो । भौगोलिक क्षेत्र छनोट गर्दा हिमाल, पहाड र तराई एवं सातै प्रदेशबीचको सन्तुलन मिलाउने प्रयास गरियो । मतदानस्थलहरू श्रेणीबद्ध छनोटविधिबाट नभई अपाङ्गता भएका पर्यवेक्षकलाई भ्रमण गर्न सजिलोका साथै पायक पर्ने गरी छनोट गरिए । यसै गरी, यथासम्भव धेरै तथ्याङ्क सङ्कलन गर्ने अभिप्रायले अन्तर्वार्तामा स्वेच्छाले सहभागी हुनचाहने अपाङ्गता भएका सबै मतदातासँग अन्तर्वार्ता लिइयो। यद्यपि, एउटा मतदानस्थलमा दुईभन्दा बढी मतदानकेन्द्र भए पनि पर्यवेक्षकले एकै समयमा ती सबै केन्द्रको पर्यवेक्षण गर्ने र अपाङ्गता भएका मतदाताको अन्तर्वार्ता लिन सम्भव भएन । त्यसकारण, पर्यवेक्षण र सर्वेक्षणको निष्कर्ष प्रतिनिधिमूलक भन्दा पनि प्रतीकात्मक छ ।



तस्बिर ३. मतदानकेन्द्रमा जाने प्रवेशद्वार । कतिपय अवस्थामा नेपालका हिमाली तथा पहाडी क्षेत्रका भूस्वरूपले पनि मतदातालाई अवरोध उत्पन्न गरेका हुन्छन् ।





# ६ अपाङ्गतासम्बन्धी कानुनी संरचनाको पुनरावलोकन

## ६.१ अन्तर्राष्ट्रिय (कानुनी) संरचना

### अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि

सन् २०१० को मे महिनामा नेपालले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी राष्ट्रसङ्घीय महासन्धि (सीआरपीडी) र यसको इच्छाधीन आलेख (जुन शारीरिक, श्रवण, मनोसामाजिक तथा बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको अधिकार रक्षा गर्ने अन्तर्राष्ट्रिय कानुन हो) अनुमोदन गर्‍यो । सीआरपीडीको धारा २९ ले अपाङ्गता भएका पुरुष र महिलालाई राजनीतिक तथा सार्वजनिक जीवनमा समानताका आधारमा पूर्णरूपमा सहभागी हुने अधिकार प्रत्याभूत गर्छ । यस अन्तर्गत देहाय अनुसारका अधिकार पर्छन्ः

- अपाङ्गता भएका व्यक्तिहरूले मतदान गर्ने तथा कार्यालय सञ्चालन गर्ने अधिकारको रक्षा गर्छ,
- मतदानसम्बन्धी सूचना पहुँचयुक्त हुने र सजिलै बुझिने कुरा सुनिश्चित गर्छ,
- पहुँचसम्बन्धी सुविधाहरूमा सहयोग (जस्तैः मतदानकेन्द्र र मतदाता नामावलीमा नाम दर्तासम्बन्धी कार्यालयहरू)
- समावेशी नीति तथा कार्यविधिहरू स्थापना गर्ने,

- पहुँचयुक्त निर्वाचन सामग्री तयार पार्ने (जस्तैः पहुँचयुक्त मतपत्र र मतदानसम्बन्धी निर्देशिका),
- आवश्यक परेमा निर्वाचनका दिनमा अपाङ्गता भएका व्यक्तिहरूलाइ थप सहायता उपलब्ध गराउने ।

## नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध

सन् १९९१ देखि नै नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध (आईसीसीपीआर) र यसको इच्छाधीन आलेखको नेपाल सदस्य (पक्षर ाष्ट्र) बनेको छ । यस आलेखका धारा २१ ले भेला हुने, धारा २५ ले सार्वजनिक गतिविधिमा सहभागी हुने र धारा २ र १६ ले मतदान र समानताको अधिकार का बारेमा बोलेका छन् ।

राष्ट्रसङ्घीय मानव अधिकार समितिले अपाङ्गता भएका व्यक्तिहरूको अधिकार लाई धेरै टिप्पणीहरूमा सम्बोधन गरेको छ । विशेषगरी सामान्य टिप्पणी नं. २५ ले शारीरिक अपाङ्गता भएका व्यक्तिहरूलाई मतदानमा बेमुनासिब प्रतिबन्ध लगाउन नहुने र अशक्त, दृष्टिविहीन र अशिक्षित व्यक्तिहरूलाई मतदानका काममा सहायता गर्नुपर्ने पक्षमा बोलेको छ ।[८]

## अन्य क्षेत्रीय दस्तावेज

नेपालले अपाङ्गता भएका व्यक्तिहरूको राजनीतिक अधिकार रक्षाका लागि क्षेत्रीय मञ्च (दस्तावेजहरू) मा प्रतिबद्धता जनाएको छ । कानुनीरूपमा बाध्यकारी नभए पनि नीति–नियम बनाउने क्रममा यी दस्तावेजलाई ध्यानमा राख्नुपर्ने हुन्छ ।

दक्षिण एसियाको निर्वाचन व्यवस्थापनसम्बन्धी निकाय (फेम्बोसा) को २०७२ साल असोज १–२ गते श्रीलङ्कामा सम्पन्न छैटौं बैठकको कोलम्बो घोषणापत्र (सङ्कल्प):

- ‘दक्षिण एसियाको निर्वाचन व्यवस्थापनसम्बन्धी निकाय (फेम्बोसा) मा दक्षिण एसियामा अपाङ्गता–समावेशी निर्वाचनका सम्बन्धमा प्रस्तुत गरिएका सुझावलाई निर्वाचन व्यवस्थापन निकायको हैसियतमा ख्याल राख्नुपर्ने आवश्यकतालाई महशुस गर्दै’,
- ‘दक्षिण एसियामा अपाङ्गता–समावेशी बनाउने सम्बन्धमा पेश भएको नौबुँदे सिफरिसलाई निर्विरोधरूपमा समर्थन गर्ने र न्यूनतम साझा मापदण्डको प्राथमिकीकरण र विकास गर्ने । यसमध्ये केहीलाई अघि नै ध्यान दिइएको छ भने केही विषयमा सोच–विचार गर्न समय लाग्छ ।’[९]

## ६.२. नेपालको संविधान र कानुनहरूको पुनरावलोकन

कानुनी पुनरावलोकनमा नेपालको संविधान, नेपालको कानुनी संरचना र अपाङ्गता भएका व्यक्तिसम्बन्धी कानुनका साथै नेपालले जनाएका अन्तर्राष्ट्रिय तथा क्षेत्रीय कानुनी प्रतिबद्धताहरूको पनि पुनरावलोकन गरियो । सबै प्रावधानका प्रतिवेदन अनुसूची १ मा संलग्न गरिएको छ (हे. अनुसूची १) ।

### उम्मेदवारी

नेपालको संविधानले अपाङ्गता भएका व्यक्तिलगायत सबै नागरिकका लागि समानताको हक (धारा १८), सामाजिक न्यायको हक (धारा ४२) र पहुँचयुक्त यातायात (धारा ५१) को व्यवस्था गरेको छ । अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ ले अरू नागरिकसरह अपाङ्गता भएका व्यक्तिहरूलाई उम्मेदवार बन्ने समान हक छ भनेको छ (परिच्छेद ११) । संविधानमा राज्यका विभिन्न संयन्त्रमा अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधित्व र सहभागिता हुनु पर्ने प्रावधान रहेको छ । संविधान (धारा ८४ र १७६) ले राजनीतिक दलले

---

८ सन् १९८२ को सामान्य टिप्पणी नं. ८, १९९० को सामान्य टिप्पणी नं. १९, १९९२ को सामान्य टिप्पणी नं. २० र १९९६ को सामान्य टिप्पणी नं. २५ मा सार्वजनिक गतिविधि सञ्चालनमा भाग लिन पाउने अधिकार, मतदान गर्ने तथा निर्वाचित हुन पाउने अधिकार र सार्वजनिक सेवामा पहुँचको समान अधिकार (धारा २५) समाविष्ट छन् ।

९ http://www.ifes.org/sites/default/files/fembosa_colombo_resolution.pdf http://www.ifes.org/news/south-asian-disability-rights-advocates-secure-key-advocacy-win

अपाङ्गता भएका व्यक्तिहरूलाई प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य पदका लागि उम्मेदवारको सूचीमा राख्नुपर्ने व्यवस्था गरेको छ । त्यसैगरी, संविधानले राष्ट्रियसभामा (प्रत्येक प्रदेशबाट एक सिटका दरले) सात सिट अपाङ्गता भएका वा अल्पसङ्ख्यक समुदायका व्यक्तिका लागि आरक्षण गरेको छ (धारा ८६) । तर, प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ र प्रदेशसभा सदस्य ऐन, २०७४ ले अल्पसङ्ख्यक समूहलाई दिएको जति प्राथमिकता अपाङ्गता भएका व्यक्तिहरूलाई दिएको छैन । संविधान र कानुनमा तादात्म्य मिलेन भनेर सर्वोच्च अदालतमा दायर भएको मुद्दाको अहिलेसम्म टुङ्गो लागेको छैन ।

## सहयोगीको सहायता लिएर मतदान

अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ को दफा ११ ले अपाङ्गता भएका व्यक्तिहरूलाई निर्वाचनमा उम्मेदवार बन्ने र कसैको सहायता लिएर वा नलिइकनै स्वतन्त्रतापूर्वक भयरहित वातावरणमा मत खसाल्ने र ाजनीतिक अधिकार उपभोग गर्न पाउने कुरा सुनिश्चित गरेको छ । यो सिद्धान्त प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ र प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ मा पनि प्रतिध्वनित भएको छ । दुवै ऐनका दफा २८, ४१, ४२ र ६० ले अपाङ्गता भएका व्यक्तिहरूलाई (आवश्यक परेमा) मतदानकार्यमा उपयुक्त सहायता दिनु पर्ने व्यवस्था गरेका छन् । यद्यपि, दुवै ऐनका परिच्छेदले एकाघर (नजिकको परिवारजन) र मतदान अधिकृतले मात्र मतदानकार्यमा सहायता दिन सक्ने भनेर सहायताको दायरालाई सीमित तुल्याएका छन् (परिच्छेद ४२), जुन नेपालले जनाएको अन्तर्राष्ट्रिय प्रतिबद्धताको विरुद्धमा छ । सीआरपीडीले अपाङ्गता भएका व्यक्तिले जनप्रतिनिधि चुन्ने सम्बन्धमा स्वतन्त्र अभिव्यक्तिलाई सुनिश्चित गर्दै आफूले रोजेको व्यक्तिको सहयोगमा मतदान गर्न पाउने व्यवस्था गरेको छ (धारा २९) । यसको विपरीत नेपालको निर्वाचन कानुनले एकाघर (नजिकको परिवारजन) र मतदान अधिकृतको स्वविवेकमा मतदान हुने भनेर मतदानकार्यलाई गोप्य तुल्याएको छ ।

## पहुँचयुक्त सामग्री र संरचना

अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ ले निर्वाचन प्रक्रियामा अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता सुनिश्चित गर्न र निर्वाचनसम्बन्धी सामग्री प्रयोगयोग्य र बोधगम्य बनाउन सरकारले उपयुक्त कदम चाल्नु पर्ने प्रावधान राखेको छ (दफा २) । अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँचयुक्त भौतिक संरचना र सञ्चार सेवा निर्देशिका, २०१३ ले सार्वजनिक भवन, सूचना–सञ्चार तथा अन्य सार्वजनिक संरचनाहरू पहुँचयुक्त हुनुपर्नेबारे निर्देशन दिएको छ ।

तर, नेपालको निर्वाचनसम्बन्धी कानुनी दस्ताबेजले यी कुनै पनि निर्देशनलाई स्पष्टरूपमा आत्मसात गरेका छैनन् । अपाङ्गता भएका व्यक्तिहरूको पहुँचमा हुनेगरी नागरिक तथा निर्वाचनसम्बन्धी शिक्षा दिनका लागि कुनै खास ढाँचाको व्यवस्था गरिएको छैन । न मतदानकेन्द्र र मतदानसँग सम्बन्धित सामग्रीबारे कुनै मापदण्ड छ न त मतदानकेन्द्रमा पुग्न नसक्ने अपाङ्गता भएका मतदाताका लागि कुनै वैकल्पिक व्यवस्था नै छ । अपाङ्गता भएका व्यक्तिहरूले मतदानमा प्राथमिकता पाउने र एकाघरको परिवार सदस्यको सहयोगमा मतदान गर्न पाइने कुरामात्र उनीहरूका पक्षमा भएका व्यवस्था हुन् ।

प्रतिनिधिसभा तथा प्रदेशसभासम्बन्धी निर्वाचन निर्देशिका, २०७४ को सकार ात्मक पक्ष के हो भने यसले अपाङ्गता भएका व्यक्तिहरूको पहुँचबारे ख्याल गर्न निर्देशन दिएको छ । दुवै ऐनले होचापुड्का व्यक्ति, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकलाई उपयुक्त हुनेगरी मतदानकेन्द्र (बुथ) तथा मतपेटिका सही स्थानमा राख्नुपर्ने प्रावधान राखेको छ (परिच्छेद ९) । निर्वाचन आयोगको पञ्चवर्षीय रणनीतिक योजना (सन् २०१५–२०१९) ले निर्वाचनमा एक हजार पहुँचयुक्त मतदानकेन्द्र र एक लाख ब्रेल लिपियुक्त मतपत्र तयार पार्ने प्रगतिशील लक्ष्य अगाडि सारेको छ ।

## भेदभाव गर्न नहुने

नेपालको संविधान (धारा १८) मा अपाङ्गता भएका व्यक्ति, सबै लिङ्गका मानिस र अल्पसङ्ख्यकलाई समानताको हक प्रदान गर्दै कसैलाई पनि भेदभाव गर्न नपाइने प्रावधान छ । यद्यपि, नेपालको निर्वाचन कानुनले भेदभावरहित ढङ्गबाट समान किसिमले मताधिकार प्रयोग गर्न पाउने प्रावधानको पर्याप्त किसिमले सुनिश्चितता गरेको छैन । मतदाता नामावलीसम्बन्धी ऐन, २०७३ ले बौद्धिक तथा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिलाई मतदान गर्न प्रतिबन्ध लगाएको छ,[१०] जुन सीआरपीडीको भावनाविपरीत छ । प्रतिनिधिसभा सदस्य निर्वाचन ऐ

१० मतदाता नामावलीसम्बन्धी ऐन, २०७३ को दफा २३ (२) (क) मा 'मानसिक सन्तुलन ठीक नभएको व्यक्ति' भन्ने उल्लेख छ ।

न, २०७४ र प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ ले मानसिक सन्तुलन ठीक नभएको भन्ने शब्दावलीलाई थप परिभाषित नगरी त्यस्ता व्यक्तिको पक्षमा रहन प्रतिबन्ध लगाएको छ।[११] मानसिक सन्तुलन ठीक नभएको भन्ने शब्दावली ज्यादै व्यापक छ, जसमा स्पष्टताको अभाव छ। यसले भेदभाव निम्त्याउन सक्छ। कुनै व्यक्तिको मानसिक सन्तुलन ठीक नभएको कसरी पुष्टि गर्ने भन्ने बारे ऐनमा विवरण दिइएको छैन।

निर्वाचन कसुर तथा सजाय ऐन, २०७४ (दफा २२ र २३) र निर्वाचन आचार संहिताले निर्वाचन अभियानका क्रममा दिइने भाषणमा अपाङ्गताका आधारमा अपमानजनक टिप्पणी गर्न प्रतिबन्ध लगाउनुका साथै निर्वाचन अभियानमा अपाङ्गता भएका व्यक्तिमाथि भेदभाव गर्न नहुनेबारे पनि बोलेको छ।

११ दुवै ऐनको दफा १३ (ञ)।



नेपालको निर्वाचन प्रक्रियामा अपाङ्गता भएका व्यक्तिहरूको

# ७ निर्वाचनका दिनमा गरिएको पर्यवेक्षणका निष्कर्ष

## ७.१ अपाङ्गता भएका मतदाता

भ्रमण गरिएका १५४ वटा मतदानस्थलका कुल २७१ अपाङ्गताका भएका मतदाताको अवलोकन गरियो। यद्यपि, आधिकारिक तथ्याङ्कको अभावमा प्रस्तुत आँकडाले निर्वाचनमा मतदान गरेका अपाङ्गताका भएका मतदाताको अनुपातलाई प्रतिनिधित्व गर्दैन। पर्यवेक्षण गरिएका अपाङ्गता भएका मतदातामध्ये प्रदेश नं. ७ अन्तर्गत कैलालीमा सबैभन्दा बढी (८८ जना) र प्रदेश नं १ अन्तर्गत सिन्धुलीमा सबैभन्दा कम (१९ जना) थिए। करिब आधा मतदाता महिला (४८ प्रतिशत) थिए, जसमध्ये सबैभन्दा धेरै कैलाली (४२ जना) मा अनि सबैभन्दा कम सिन्धुली (१० जना) र जुम्ला (१० जना) मा थिए।

| जिल्ला | मतदान गरेका अपाङ्गता भएका मतदाताको सङ्ख्या | | जम्मा |
|---|---|---|---|
| | पुरुष | महिला | |
| सङ्खुवासभा | १४ | १३ | २७ |
| सप्तरी | २२ | १९ | ४१ |
| सिन्धुली | ९ | १० | १९ |
| पर्वत | २० | २० | ४० |
| जुम्ला | १२ | १० | २२ |
| बर्दिया | १७ | १७ | ३४ |
| कैलाली | ४६ | ४२ | ८८ |
| जम्मा | १४० | १३१ | २७१ |

तालिका ५: जिल्लागत र लैङ्गिक दृष्टिले अपाङ्गता भएका मतदाताको उपस्थितिारसम्बन्धी विवरण

## ७.२ मतदानस्थल तथा सेवा

### मतदानकेन्द्रको अवस्थिति

निर्वाचन आयोगले अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा सहायता आवश्यक पर्ने अन्य व्यक्तिहरूलाई दृष्टिगत गरी मतदानकेन्द्र भुइँतलामा स्थापना गर्न मतदान अधिकृतहरूलाई निर्देशन दिएको थियो । पर्यवेक्षणका क्रममा ९६ प्रतिशत मतदानस्थल भुइँतलामा राखिएको भेटियो तर चार प्रतिशत मतदानकेन्द्रले निर्वाचन आयोगको निर्देशन पालना नगरेको पाइयो । सिन्धुलीको एउटा मन्दिर परिसरमा मतदानकेन्द्रसम्म पुग्न ८० वटा सिँढी पार गर्नु पर्ने अवस्था रहेको पर्यवेक्षकहरूले पाए ।

के मतदान बुथ भुइँतलामा बनाइएको थियो ?

सङ्ख्या=१५४




रेखाचित्र १: भुइँतलामा मतदानकेन्द्रको अवस्थिति

### मतदानकेन्द्रमा र्‍याम्पको उपलब्धता

मतदानकेन्द्रभित्र वा मतदानकेन्द्रतिर जाने सिँढी, साना खुड्किला वा अग्लो सतह भएको ठाउँमा जान ह्विलचियर प्रयोगकर्ताका लागि र्‍याम्प आवश्यक हुन्छ, जुन आधारभूत संरचना हो । र्‍याम्पको खाँचो भए पनि बहुसङ्ख्यक मतदानकेन्द्र (९५ प्रतिशत) मा र्‍याम्प नभएको पर्यवेक्षणका क्रममा पाइयो । पाँच प्रतिशत मतदानकेन्द्रमा मात्र र्‍याम्प रहेको पाइयो । यसबाट ह्विलचियर प्रयोगकर्तालगायत शारीरिक अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा गर्भवतीहरूले कठिनाइ भोग्नुपरेको पनि पाइयो ।



नेपालको निर्वाचन प्रक्रियामा अपाङ्गता भएका व्यक्तिहरूको

अपाङ्गता भएका मतदाताका लागि मतदान बुथमा र्‍याम्प उपलब्ध थियो ?

सङ्ख्या=१५४




रेखाचित्र २: मतदानकेन्द्रमा र्‍याम्पको उपलब्धता

### पार्किङ तथा अन्य सेवाहरूको उपलब्धता

पार्किङ र अन्य सेवाहरूको उपलब्धताबारे मिश्रित प्रतिक्रिया प्राप्त भए । पर्यवेक्षण गरिएका मतदानकेन्द्रमध्ये ६६ प्रतिशतमा यात्रुलाई ओराल्ने उपयुक्त ठाउँ रहेको र ५५ प्रतिशतमा पहुँचयुक्त प्रवेशद्वार नजिक पार्किङको सुविधा रहेको पाइयो । यसैगरी, ६६ प्रतिशतभन्दा बढी स्थानमा पार्किङ क्षेत्रबाट मतदानकेन्द्रको प्रवेशद्वार पुग्ने पहुँचयुक्त बाटो रहेको भेटियो भने ७० प्रतिशत स्थानमा मतदान बुथमा जाने अवरोधरहित बाटो रहेको पाइयो । यद्यपि, धेरै मतदानकेन्द्रमा पुग्ने बाटो साँगुरो र उबडखाबडयुक्त थियो । कतिपय ठाउँ त उकालो हुनुका साथै प्रवेशद्वार साँगुरो थियो । यसले अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा गर्भवतीहरूमाथि चुनौती थपेको पाइयो ।

पार्किङस्थल एवं सम्बन्धित सुविधाहरूको उपलब्धता

सङ्ख्या=१५४




रेखाचित्र ३: पार्किङ तथा अन्य सेवाहरूको उपलब्धता

## ७.३ निर्वाचनको काममा खटिएका अपाङ्गता भएका कर्मचारी

अपाङ्गता भएका कर्मचारीलाई निर्वाचनको काममा खटिएर काम गर्ने अधिकार छ । निर्वाचनको काममा अपाङ्गता भएका कर्मचारीको उपस्थितिले मतदान केन्द्रमा अपाङ्गतामैत्री सेवा प्रवाह गर्ने कार्यमा योगदान पुग्छ । निर्वाचन अधिकारी, दलका एजेन्ट वा पर्यवेक्षकका रूपमा अपाङ्गता भएका व्यक्तिहरूको उपस्थितिले अपाङ्गता भएका मतदाताको मनोबल बढ्छ र निर्वाचन प्रक्रियामा अपाङ्गता भएका व्यक्तिहरूको सक्रिय सहभागितामा बल पुग्छ । तर, पर्यवेक्षण गरिएका मतदानकेन्द्रमध्ये पाँचौंमा मात्र अपाङ्गता भएका व्यक्तिलाई निर्वाचनको काममा खटिएका कर्मचारी भेटिए ।

अपाङ्गता भएका मतदानका काममा खटिएका कर्मचारी देख्नुभयो ?

सङ्ख्या=१५४




**रेखाचित्र ४: मतदानकेन्द्रमा निर्वाचनको काममा खटिएका अपाङ्गता भएका कर्मचारीको उपस्थिति**

## ७.४ निर्वाचनमा विभिन्न किसिमका अपाङ्गता भएका व्यक्तिहरूको पहुँच

पर्यवेक्षकहरूले मापदण्डबमोजिमको रुजुसूची प्रयोग गरेर विभिन्न किसिमका अपाङ्गता भएका व्यक्तिका लागि पहुँचसम्बन्धी आधार र उचित समायोजनसम्बन्धी विषयमा अवलोकन गरे । यहाँ अध्ययनको सारांश प्रस्तुत गरिएको छ :



नेपालको निर्वाचन प्रक्रियामा अपाङ्गता भएका व्यक्तिहरूको

### दृष्टिसम्बन्धी अपाङ्गता भएका व्यक्तिहरूको निर्वाचनमा पहुँच

स्पर्श प्रणालीको मतपत्र र ब्रेल मतपत्र वा त्यससम्बन्धी निर्देशिका उपलब्ध गराएर, श्रव्य वा ठूला अक्षरमा निर्देशिका तयार पारेर, पर्याप्त प्रकाश, अक्षर ठूलो देखाउने म्याग्निफाइङ ग्लास आदिको चाँजोपाँजो मिलाएर दृष्टिसम्बन्धी अपाङ्गता भएका व्यक्तिहरूको मतदानमा पहुँच बढाउन सकिन्छ । पर्यवेक्षकहरूले धेरै मतदानकेन्द्र (९५ प्रतिशत) मा पर्याप्त प्रकाशको व्यवस्था भएको पाए तर उनीहरूले ब्रेल वा श्रव्यमा मतदानसम्बन्धी निर्देशिका (गाइड), स्पर्श प्रणालीको मतपत्र, अक्षर ठूलो देखाउने म्याग्निफाइङ ग्लास वा मतपत्र पढ्नका लागि अन्य व्यवस्था कुनै पनि मतदानकेन्द्रमा पाएनन् ।

दृष्टिसम्बन्धी अपाङ्गता भएकाहरूको पहुँचयुक्तता

सङ्ख्या=१५४




**रेखाचित्र ५: दृष्टिसम्बन्धी अपाङ्गता भएका व्यक्तिहरूको पहुँच**

### शारीरिक अपाङ्गता भएका व्यक्तिहरूको निर्वाचनमा पहुँच

सामान्यतया, भुइँतलाको सजिलो ठाउँमा मतदानकेन्द्र रहनुका साथै मतदानकेन्द्रमा पर्याप्त ठाउँ हुनु, उपयुक्त उचाइमा मतपत्रमा छाप लगाउने टेबल हुनु र पहुँचयुक्त उचाइमा मतपेटिका रहनु भौतिक पहुँचभित्र पर्छन् । ह्विलचियर प्रयोगकर्ताहरूलाई र्‍याम्प, मतपत्रमा छाप लगाउने बेलामा पछाडितिर पर्याप्त ठाउँ र ह्विलचियर पार्क गर्ने ठाउँ चाहिन्छ । पर्यवेक्षकहरूले ८८ प्रतिशत मतदानकेन्द्रमा मतपत्रमा छाप लगाउन प्रयोग गरिने टेबल पर्याप्तरूपमा होँचो रहेको पाए तर पनि पर्यवेक्षण गरिएका २७ प्रतिशत मतदानकेन्द्रमा ह्विलचियर जस्ता

सहायक वस्तुहरू राख्न पर्याप्त ठाउँ नभएको पाइयो । ४० प्रतिशत मतदानकेन्द्रमा ह्विलचियर प्रयोगकर्ता र होचा व्यक्तिहरूलाई मतपेटिकासम्म पुग्न कठिन भएको पाइयो ।

शारीरिक अपाङ्गता भएका व्यक्तिहरूको पहुँचयुक्तता

सङ्ख्या=१५४




रेखाचित्र ६: शारीरिक अपाङ्गता भएका व्यक्तिहरूको पहुँच

## श्रवणसम्बन्धी अपाङ्गता भएका व्यक्तिहरूको निर्वाचनमा पहुँच

आवश्यकता परेको ठाउँमा साङ्केतिक भाषामा निर्देशिका तयार पारेर श्रवणसम्बन्धी अपाङ्गता भएका मतदाताका लागि मतदान पहुँचयुक्त बनाउन सकिन्छ । यसमा साङ्केतिक भाषाका व्यावसायिक दोभासे वा श्रवणसम्बन्धी अपाङ्गता भएका मतदातासँग सञ्चार गर्न सक्षम निर्वाचनको काममा खटिएका कर्मचारी प्रयोग गर्न सकिन्छ । यसैगरी, केही सीमित मतदानकेन्द्रबाहेक श्रवणसम्बन्धी अपाङ्गता भएका मतदाताको निर्वाचन वा मतदानसम्बन्धी सूचनामा पहुँच सुनिश्चित गर्न यस्ता सेवा उपलब्ध गराइएको पाइएन । यद्यपि, पर्यवेक्षण गरिएकामध्ये १० प्रतिशत मतदानकेन्द्रमा स्थानीय डीपीओहरूले साङ्केतिक भाषाका व्यावसायिक दोभासे उपलब्ध गराएर श्रवणसम्बन्धी अपाङ्गता भएका मतदातालाई सहयोग गरेको पाइयो ।





श्रवणसम्बन्धी अपाङ्गता भएका व्यक्तिहरूको पहुँच

सङ्ख्या=१५४




रेखाचित्र ७: श्रवणसम्बन्धी अपाङ्गता भएका व्यक्तिहरूको पहुँच

## बौद्धिक अपाङ्गता, मनोसामाजिक अपाङ्गता तथा अटिज्म भएका व्यक्तिहरूको निर्वाचनमा पहुँच

बौद्धिक, मनोसामाजिक तथा अटिज्म[१२] भएका व्यक्तिहरूलाई पर्खने ठाउँ र मतदानका लागि पर्याप्त समय आवश्यक पर्छ । साथै, धैर्यतापूर्ण सहायता र निर्देशन आवश्यक हुन्छ । मतदान प्रक्रियाबारे बुझाउन तस्बिर पनि प्रयोग गर्नुपर्ने अवस्था आउँछ । यस्ता सहायताको अभावमा उनीहरूको सूचनाको पहुँचमा अवरोध उत्पन्न हुन्छ, मानसिक स्थिति खल्बलिन सक्छ र मतदान प्रक्रियामा सहभागी हुने क्षमता अवरुद्ध हुनसक्छ । पर्यवेक्षकहरूले यस्ता मतदाताका लागि ३५ प्रतिशत मतदानकेन्द्रमा पर्खने ठाउँ रहेको पाए तर उनीहरूका लागि मतदानबारे सचित्र गाइड वा निर्देशिका प्रयोग भएको पाएनन् । पर्यवेक्षकहरूले मतपत्रमा भएका साना अक्षर वा चिह्न बौद्धिक, मनोसामाजिक तथा अटिज्म भएका व्यक्तिहरूलाई पहुँचयुक्त नभएको पाए ।

पर्यवेक्षकहरूले बौद्धिक तथा मनोसामाजिक अपाङ्गता भएका ९ प्रतिशत व्यक्तिको मताधिकार अस्वीकार गरिएको पाए । विशेषगरी, नागरिकता नलिएका र मतदाता नामावलीमा नाम दर्ता नगरिएका तथा तिनलाई मतदानकेन्द्रमा ल्याउन परिवारजनलाई कठिन भएकाले उनीहरू मताधिकार प्रयोग गर्नबाट वञ्चित हुनुपरेको हो । यसले त्यस्ता व्यक्ति र तिनका परिवारजनमा मतदाता नामावलीमा नाम दर्ता गर्न नागरिकता लिनु महत्वपूर्ण छ भन्ने जनचेतनाको अभावलाई सङ्केत गर्छ ।

१२ 'अटिज्म स्पेक्ट्रम डिस्अडर' शारीरिक तथा मानसिक विकाससँग सम्बन्धित अपाङ्गता हो, जसले व्यक्तिको सञ्चार सीप, व्यवहार र भावनात्मक पक्षमा अवरोध उत्पन्न गर्छ ।

## ७.५ मतदानकार्यमा सहायतासम्बन्धी प्रावधान

### मतदानकेन्द्रमा उपलब्ध सेवा

अपाङ्गता भएका केही मतदातालाई मतदानकार्यमा सहभागी हुन उपयुक्त सहायता आवश्यकता पर्छ । उपयुक्त सहायतासम्बन्धी प्रयास अन्तर्गत मतदानकेन्द्रमा तालिमप्राप्त व्यक्तिबाट सहायताको उपलब्धता, मतदानभन्दा अगाडि नै मतदान गर्ने तरिकाबारे व्याख्या तथा सहजीकरण र मतदातालाई सहायता उपलब्ध गराउनका लागि 'हेल्पडेक्स' स्थापना गर्नु पर्ने कुरालाई सुनिश्चित गरिनु पर्छ । पर्यवेक्षकहरूले २८ प्रतिशत मतदानकेन्द्रमा सहयोगको आवश्यकता परेका मतदाताका लागि 'हेल्पडेक्स' स्थापना भएको पाए ।

पर्यवेक्षकहरूले ४५ प्रतिशत मतदानकेन्द्रमा निर्वाचनको काममा खटिएका कर्मचारीले अपाङ्गता भएका व्यक्तिहरूलाई सक्रियरूपमा सहायता उपलब्ध गराएका पाएका तर ७० प्रतिशत मतदानकेन्द्रमा मतदान अगावै मतदान गर्ने तरिकाबारे व्याख्या तथा सहजीकरण गरेको भने पाएनन् ।

मतदानकेन्द्रमा सहायता सेवाको उपलब्धता

सङ्ख्या=१५४




रेखाचित्र ८: मतदानकेन्द्रमा सहायताको उपलब्धता





### मतदान सहयोगी छान्ने स्वतन्त्रता

नेपाल हस्ताक्षरकर्ता (पक्ष) रहेको सीआरपीडीले आवश्यकता परेको घडीमा मतदान सहयोगी छान्ने स्वतन्त्रतालाई सुनिश्चित गर्नुपर्छ भनेको छ । दृष्टिसम्बन्धी, बौद्धिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूका सम्बन्धमा स्पर्श प्रणालीको मतपत्र वा ब्रेल मतपत्रको व्यवस्था र मत खसाल्नका लागि तिनले सहयोगी छान्न पाउने स्वतन्त्रताले निर्वाचनमा समान सहभागिता सुनिश्चित गर्न उचित सहजीकरण गर्छ । नेपालमा अहिलेसम्म पहुँचयुक्त मतदान उपकरण (मेसिन) तथा स्पर्श प्रणालीको मतपत्र वा ब्रेल मतपत्र लागू भएको छैन । स्वतन्त्र किसिमले छानिएका व्यक्तिबाट मतदान गराउनु नै दृष्टिसम्बन्धी अपाङ्गता, बौद्धिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिका लागि उपलब्ध एकमात्र विकल्प हो । तर, निर्वाचनसम्बन्धी कानुनले अपाङ्गता भएका व्यक्तिलाई एकाघरको सदस्य वा मतदान अधिकृतले मात्र मतदानकार्यमा सघाउन अनुमति दिएको छ ।

कानुन आफ्नो ठाउँमा रहे पनि यस सन्दर्भमा पर्यवेक्षकहरूले ८४.४ मतदानकेन्द्रमा मात्र अपाङ्गता भएका मतदातालाई तिनले चाहेको व्यक्तिले सघाउन सक्ने अवस्था रहेको पाए । अझै लगभग १६ प्रतिशत अपाङ्गता भएका मतदाताले यस्तो अभ्यास गर्न पाएनन् । मतदानकेन्द्रमा तालिमप्राप्त स्वयंसेवी उपलब्ध नहुनु तथा अपाङ्गता भएका मतदाताको सहभागिता र तिनको आवश्यकताबारे मतदान अधिकृतमा सचेतनाको अभावलाई नै अपाङ्गता भएका व्यक्तिहरू मतदान गर्न सक्षम नहुनुको मूल कारणका रूपमा लिन सकिन्छ ।

के अपाङ्गता भएका मतदाताले आफूले रुचाएको मतदान सहयोगी छान्न पाए ?

सङ्ख्या=१५४




रेखाचित्र ९: मतदान सहयोगी छान्ने स्वतन्त्रता

## ७.६ मतको गोपनीयता

गोप्य किसिमले मतदान गर्न पाउनु मतदाता सूचीमा नाम भएका नागरिकको अधिकार हो । निर्वाचन आयोगले मतको गोपनीयता कायम गर्ने अभिप्रायले उपयुक्त सङ्ख्यामा भोटिङ स्क्रिन राख्न विशेष निर्देशिका जारी गरेको छ । पर्यवेक्षकहरूले लगभग ९३ प्रतिशत मतदानकेन्द्रमा अपाङ्गता भएका मतदाताले पर्याप्त गोपनीयताका साथ मतदान गर्न सक्षम भएको पाए । तर, अरूले देख्ने गरी खुला ठाउँमा भोटिङ स्क्रिन राखिएकाले वा भोटिङ स्क्रिन अगाडि सुरक्षाकर्मी उभिएकाले मतदाताले गोपनीयताको हक पूरापूर उपभोग गर्न नपाएको पनि पाइयो । मतदाताले आफ्नो इच्छाले मतदान सहयोगी छान्न नपाएको अवस्थामा मतदान सहयोगी नै उसको गोपनीयताको चुनौती बन्न पुगेको कुरालाई पनि ख्याल गर्नु पर्ने पक्ष हो ।

मतदानकेन्द्रमा मतदानसम्बन्धी गोपनीयता कायम गर्ने पर्याप्त व्यवस्था थियो ?




रेखाचित्र १०: मतदान सहयोगी छान्ने स्वतन्त्रता



# ८ अपाङ्गता भएका मतदातासम्बन्धी सर्वेक्षणको निष्कर्ष

मूल्याङ्कन (अध्ययन) को अन्तिम भागमा अपाङ्गता भएका मतदातासँग गरिएको सर्वेक्षण समाविष्ट छ । निर्वाचन प्रक्रियामा अपाङ्गता भएका मतदाताको पहुँचबारे धारणा पत्ता लगाउन तथा २०७४ सालको प्रतिनिधिसभा तथा राष्ट्रियसभा निर्वाचनमा उनीहरूका अनुभव र प्रतिक्रिया सङ्कलन गर्न अध्ययन कार्य अगाडि बढाइएको थियो । यस क्रममा स्वेच्छाले अन्तर्वार्ता लिन ३०८ जना अपाङ्गता भएका मतदातासँग मानक प्रश्नवालीका आधारमा अन्तर्वार्ता लिइयो । अन्तर्वार्ताका मूलभूत निष्कर्ष यही खण्डमा प्रस्तुत गरिएका छन् ।

## ८.१ मतदाता नामावली दर्तासम्बन्धी पहुँचबारे मतदाताका धारणा

निर्वाचन आयोगको मतदाता दर्ता फारममा निश्चित किसिमका अपाङ्गता उल्लेख गर्नका लागि ठाउँ छुट्याइएको हुन्छ । यद्यपि, यो नेपाल सरकारले अनुसरण गरेको मानक वर्गीकरणसँग मिल्दैन । मतदाताको अन्तिम नामावलीमा अपाङ्गतासम्बन्धी तथ्याङ्क देखिएन । यसबाट अपाङ्गता भएका मतदाताको वास्तविक सङ्ख्या पत्ता लगाउन र निर्वाचनका दिनमा विभिन्न किसिमका अपाङ्गता भएका व्यक्तिहरूको उचित सहजीकरण गर्न कठिन भयो । त्यसकारण, अपाङ्गता भएका मतदातासँग गरिएको सर्वेक्षणले उत्तरदाताले मतदाता नामावलीमा नाम दर्ता गर्ने प्रक्रिया पहुँचयुक्त पाए कि पाएनन् भनेर मूल्याङ्कन गर्ने प्रयास गरेको छ । पाँच भागको एक भाग उत्तरदाताले

नेपालको निर्वाचन प्रक्रियामा अपाङ्गता भएका व्यक्तिहरूको

मतदाता नामावलीमा नाम दर्ता गर्ने अधिकारीले उनीहरूसँग अपाङ्गताका किसिमबारे जिज्ञासा राख्नुका साथै कुनै सहायता आवश्यक पर्छ कि भनेर सो धे कि सोधेनन् भन्ने प्रश्नमा सकारात्मक जवाफ दिए ।

मतदाता नामावली दर्ता प्रक्रियामा पहुँचयुक्ततासम्बन्धी धारणा




रेखाचित्र ११: मतदाता नामावली दर्ता प्रक्रियामा पहुँचयुक्ततासम्बन्धी धारणा

## ८.२ अपाङ्गता भएका व्यक्तिहरूलाई निर्वाचनसँग सम्बन्धित सूचनाको उपलब्धता

निर्वाचन आयोगले अपाङ्गता भएका व्यक्तिहरूलाई निर्वाचनमा सहभागी हुन प्रोत्साहित गर्ने उद्देश्यले पोष्टर, बारम्बार सोधिने प्रश्नहरू रहेको पुस्तिका तथा निर्वाचनमा सहभागी भएका अपाङ्गता भएका व्यक्तिहरूलाई चित्रण गरेर तयार पारिएका शिक्षामूलक भिडियो आदि जस्ता निर्वाचनसँग सम्बन्धित सूचना सामग्री उत्पादन गऱ्यो । तर, यी सामग्री अपाङ्गता भएका व्यक्तिहरूको पहुँच हुनेगरी उपयुक्त ढाँचामा उत्पादन गरिएका थिएनन् ।

आईएफईएसले निर्वाचन आयोगलाई निर्वाचन–शिक्षासम्बन्धी श्रव्यदृश्य (भिडियो) सामग्री तयार पार्न सहयोग गऱ्यो । त्यसमा श्रवणसम्बन्धी अपाङ्गता भएका व्यक्तिहरूलाई लक्ष्य गरेर बोलेका कुरा लेखोट (सबटाइटल) तथा साङ्केतिक भाषा प्रयोग गरियो । त्यस भिडियोलाई निर्वाचन आयोगको फेसबुक पेजमार्फत प्रवाह गरियो, जुन ३ लाख ३४ हजार पटक हेरिएको थियो । यसरी नै मतपत्रमा कसरी सही तरिकाले छाप लगाउने भन्नेबारे पनि आईएफईएसले आयोगलाई एनिमेसन प्रयोग गरी भिडियो तयार पार्न सघायो । उच्चारण (न्यारेसन) का आधारमा त्यसमा अक्षर (टेक्स्ट) पनि प्रयोग गरिएको थियो । यो भिडियो निर्वाचन आयोगको मतदाता शिक्षा कार्यक्रममा व्यापक प्रयोग हुनुका साथै आमसञ्चारका माध्यम र सामाजिक सञ्जालमार्फत जनसमक्ष पुग्यो । निर्वाचन आयोगले त्यस भिडियोमा साङ्केतिक भाषाको हिस्सा पनि थप्यो । साथै, राष्ट्रिय प्रसारण संस्था नेपाल टेलिभिजनबाट प्रसारण भएको निर्वाचनसम्बन्धी समाचारमा साङ्केतिक भाषालाई पनि अङ्गीकार गऱ्यो ।

एनएफडीएनले पनि अपाङ्गता भएका व्यक्तिहरूलाई मतदान गर्न प्रोत्साहित गर्दै रेडियोमा प्रसारण हुनेगरी जनहितकारी सूचना (पीएसए) उत्पादन गऱ्यो । त्यसमा, मतदानका क्रममा अपाङ्गता भएका व्यक्तिहरूले प्राथमिकता पाउनु पर्ने तथा परिवारजनबाट मतदानकार्यमा हुनुपर्ने सहयोगबारे व्याख्या गरिएको थियो । निर्वाचनको दिनलाई लक्ष्य गरेर उत्पादित यो पीएसए निर्वाचन हुनुभन्दा दुई हप्ता अगाडिदेखि नै राष्ट्रिय नेटवर्कमार्फत १३० वटा रेडियोबाट प्रसारण भयो ।

यस पृष्ठभूमिमा निर्वाचन शिक्षा स्वयंसेवी, राजनीतिक दल तथा आमसञ्चारका माध्यमबाट प्रवाहित निर्वाचनसम्बन्धी सूचनामा पहुँचका सम्बन्धमा उत्तरदातालाई सोधियो । ४७ प्रतिशत उत्तरदाताले निर्वाचन आयोगले सञ्चालन गरेको मतदाता शिक्षा कार्यक्रमबारे सुनेको वा सहभागी भएको प्रतिक्रिया दिए । यति हुँदाहुँदै पनि पहुँचयुक्त सूचनाको अवस्था भने कमजोर देखियो । १५ प्रतिशत उत्तरदाताले मात्र राजनीतिक दल वा उम्मेदवारले उपलब्ध गराएका निर्वाचनसम्बन्धी सूचना आफूहरूका लागि पहुँचयुक्त रहेको धारणा राखे । यसैगरी, २३ प्रतिशत उत्तरदाताले मात्र आमसञ्चारका माध्यमबाट प्रवाहित निर्वाचनसम्बन्धी सूचना पहुँचयुक्त रहेको बताए ।

निर्वाचनसम्बन्धी सूचनाको उपलब्धताबारे प्रतिक्रिया




रेखाचित्र १२: निर्वाचनसम्बन्धी सूचनाको उपलब्धताबारे प्रतिक्रिया

## ८.३ मतपत्र बुझ्न र मतसङ्केत गर्न सहजताबारे मतदाताको प्रतिक्रिया

निर्वाचनमा प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनका लागि पहिलो हुने निर्वाचित हुने पदका लागि एक–एकवटा मतपत्र तथा समानुपातिक प्रणालीका लागि एउटा संयुक्त मतपत्र राखिएका थिए । संयुक्त मतपत्र ज्यादै ठूलो आकारको थियो, जसमा प्रतिनिधिसभाका लागि ८६ देखि ८८ वटासम्म चिहृन र प्रदेशसभाका लागि ८७ वटासम्म चिहृन थिए । मतदाता शिक्षाका लागि थोरै समय बचेको अवस्थामा मतदातामा मतपत्रबारे अलमल हुने अवस्था थियो । बेग्लाबेग्लै मतपत्रमा कसरी मतसङ्केत गर्ने भन्ने बारे पनि अलमल नै थियो ।

यस्तो अवस्था हुँदाहुँदै पनि ८५ प्रतिशत उत्तरदाताले मतपत्र बुझ्न सजिलो भएको प्रतिक्रिया दिए भने ८९ प्रतिशतले मतसङ्केत गर्न सजिलो भएको बताए । यसै गरी, ९० प्रतिशत मतदाताले मतपत्र पट्याउन र सम्बन्धित मत पेटिकाहरूमा खसाल्न सजिलो भएको प्रतिक्रिया दिए । यी मतपत्र छ महिना अघिमात्र सम्पन्न स्थानीय निर्वाचनको मतपत्रभन्दा धेरै सरल थिए । उनीहरूको यस मूल्याङ्कनले उत्तरदाताले स्थानीय निर्वाचनको मतपत्रसँग तुलना गरेको कुरालाई प्रतिविम्बित गर्छ ।

मतपत्र बुझ्न र मतसङ्केत गर्न सहजता

सङ्ख्या=३०८




रेखाचित्र १३: मतपत्र बुझ्न र मतसङ्केत गर्न सहजताबारे मतदाताको प्रतिक्रिया





## ८.४ मतदान गर्न सहजताबारे मतदाताको प्रतिक्रिया

मतदान गर्न पर्याप्त समय दिइएको थियो कि थिएन र मतदान बुथमा कुनै समस्या भोग्नुपर्‍यो कि भनेर अपाङ्गता भएका मतदातालाई सोधियो । ९३.८ प्रतिशत उत्तरदाताले मतदानका लागि पर्याप्त समय पाएको बताए तर दुईतिहाइ मतदाताले मतदानका लागि पर्याप्त समय प्राप्त भए पनि आफ्नो मताधिकारको अभ्यास गर्न कठिनाइ भएको प्रतिक्रिया दिए । दृष्टिसम्बन्धी अपाङ्गता भएका मतदातालाई स्पर्श प्रणाली वा ब्रेलको अभावमा मतचिहृन पहिचान गर्न कठिनाइ भएको, ह्विलचियर प्रयोगकर्तालाई ठाउँको पर्याप्तता नभएको र मतसङ्केतका लागि राखिएको टेबलको उचाइ अमिल्दो भएको तथा श्रवणसम्बन्धी अपाङ्गता भएका मतदातालाई साङ्केतिक भाषाका दोभासे/साङ्केतिक भाषामा निर्देशिकाको अभाव भएको जस्ता पक्ष पर्यवेक्षकहरूले फेलापारेका मूलभूत कठिनाइ हुन् ।



निर्वाचनको काममा खटिएका कर्मचारीले सम्मानजनक व्यवहार गरे कि गरेनन् भनेर सोधिएकोमा ८६ प्रतिशत मतदाताले आफूहरूमाथि राम्रो व्यवहार गरिएको उत्तर दिए। १४ प्रतिशत उत्तरदाताले आफूहरूलाई सम्मानजनक व्यवहार नगरिएको प्रतिक्रिया दिए । निर्वाचनको काममा खटिएका कर्मचारीहरू आफ्नै काममा व्यस्त भएका, उनीहरू अपाङ्गता भएका व्यक्तिका विशेष आवश्यकताप्रति सचेत नभएका र अपाङ्गता भएका व्यक्तिका लागि छुट्टै लामको व्यवस्था नभएको पर्यवेक्षकहरूले औँल्याएका छन् ।




रेखाचित्र १४: मतदान गर्न सहजताबारे मतदाताको प्रतिक्रिया

## ८.५ निर्वाचनलाई पहुँचयुक्त बनाउनेबारे प्राप्त प्रतिक्रियाको सारांश

निर्वाचनमा प्रयोग गरिएका तीन वटा मतपत्रमध्ये संयुक्त मतपत्र ठूलो थियो, जसमा प्रतिस्पर्धी दलभन्दा धेरै मतचिह्न थिए। दुई चरणको निर्वाचन सकिएपछि आमसञ्चार माध्यमहरूले ठूलो मतपत्रमा मतचिह्न पहिचान गर्न कठिन भएको भनी मतदाताका गुनासा व्यापकरूपमा सार्वजनिक गरे । अपाङ्गता भएका व्यक्तिहरूका लागि बेग्लै मतपत्रको व्यवस्था थिएन। साथै, अक्षर ठूलो बनाउने उपकरण (म्यागिनफाइङ ग्लास) तथा मतदानसम्बन्धी निर्देशिका (गाइडलाइन) को सर्वथा अभाव थियो। धेरै मतचिह्न भएको ठूलो मतपत्र न्यून दृष्टि भएकाहरूका लागि कठिन थियो भने बौद्धिक तथा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिका लागि पनि बुझ्न र प्रयोग गर्न कठिन थियो ।





यसले अपाङ्गता भएका मतदातालाई मतदान सहयोगी चाहिने आवश्यकता औँल्याएको छ । अन्तर्वार्ताका क्रममा उत्तरदाताहरूसँग खुला प्रश्न गरियो । निर्वाचनलाई बढी पहुँचयुक्त र समावेशी बनाउने सन्दर्भमा आपङ्गता भएका मतदाताले व्यक्त गरेका प्रतिक्रियालाई निम्न अनुसार संक्षेपीकरण गर्न सकिन्छ :

### मतदाता शिक्षा

- पहुँचयुक्त ढाँचामा विकास र प्रवाह गरेर सबै खालका आपङ्गता भएका मतदाताका लागि मतदाता शिक्षालाई बढी समावेशी बनाउनुपर्छ ।
- आपङ्गता भएका व्यक्तिहरूका परिवारजनलाई लक्ष्य गरेर मतदाता शिक्षा दिनुपर्छ ।

### मतदाता नामावली दर्ता

- मतदाता नामावलीमा आपङ्गताबारे वर्गीकृत जानकारी हुनुपर्छ, जसबाट निर्वाचन आयोगलाई आपङ्गता भएका मतदाताका आवश्यकताबारे निर्वाचन अगावै योजना बनाउन सहज हुनेछ। निर्वाचन आयोगले अटिज्म भएका व्यक्ति, बौद्धिक आपङ्गता भएका तथा बहु–अपाङ्गता भएका व्यक्तिहरूका लागि घुम्ती नामावली दर्ताको व्यवस्था गर्नुपर्छ ।

### मतपत्र

- मतदातालाई आफूलाई मनपरेको चिह्न पत्ता लगाउन र मतसङ्क त गर्न सजिलो होस् भनी मत चिह्न ठूलो हुनुपर्छ । यसका साथै, निर्देशिका पनि ठूलो अक्षरमा छापिनुपर्छ ।
- निर्वाचन आयोगले ब्रेल वा स्पर्श प्रणालीमा मतपत्र वा मतदान निर्देशिका (गाइड) लागू गर्नुपर्छ ।

### निर्वाचनसम्बन्धी संरचना

- मतदान केन्द उपयुक्त स्थानमा राख्नुपर्छ । विशेषगरी, भऱ्याङ तथा ठाडो उकालो भएको ठाउँमा मतदानकेन्द्र राखिनुहुँदैन ।
- निर्वाचनका दिनमा अपाङ्गता भएका व्यक्तिहरूलाई घरबाट मतदानकेन्द्रसम्म पुग्न र घर फर्कनका लागि यातायातको प्रवन्ध गर्ने नीति पूर्णरूपमा लागू हुनुपर्छ ।

- मतदानकेन्द्रमा पुग्ने सडक अवरोधरहित हुनुपर्छ । साथै, प्रवेशद्वार र मतदान गर्ने ठाउँतिर जाने बाटो पर्याप्त फराकिलो हुनुपर्छ ।
- मतदानकेन्द्रमा र्‍याम्प र पहुँचयुक्त शौचालयको व्यवस्था हुनुपर्छ ।
- पहुँचसम्बन्धी मापदण्ड अनुसार मतदानकेन्द्रको डिजाइन गरिनुपर्छ। जस्तैः मतदान बुथ तथा मतपेटिका राखिने ठाउँको उपयुक्त उचाइ तथा पर्याप्त प्रकाश ।

## निर्वाचनको काममा खटिएका कर्मचारी

- अपाङ्गता भएका व्यक्तिहरूको पहुँच र संवेदनशीलताबारे निर्वाचनको काममा खटिएका कर्मचारी तथा स्वयंसेवीले तालिम पाएको हुनुपर्छ ।
- विशेष सहायता आवश्यक पर्ने व्यक्तिहरूको सहायताका लागि विशेष तालिम प्राप्त कर्मचारी वा स्वयंसेवक खटाइनुपर्छ । यसमा श्रवणसम्बन्धी अपाङ्गता भएका मतदाताका लागि साङ्केतिक भाषाका व्यावसायिक दोभासेलगायतका सेवा पर्छन् ।
- निर्वाचन आयोगले हरेक मतदानकेन्द्रमा अपाङ्गता भएका थोरैमा एक जना निर्वाचन कर्मचारी परिचालन गर्नुपर्छ ।

## साझेदार

- अपाङ्गता भएका व्यक्तिहरूलाई राजनीतिक तथा निर्वाचन प्रक्रियामा समावेश गर्ने काममा तिनका परिवार सहयोगी बन्नुपर्छ
- राजनीतिक दल तथा तिनका उम्मेदवार अपाङ्गता भएका व्यक्तिहरूप्रति बढी संवेदनशील हुनुपर्छ र तिनका अभियान र कार्यक्रममा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच र समावेशितालाई उच्च प्राथमिकता दिइनुपर्छ ।
- आमसञ्चारका माध्यमलाई अनिवार्यरूपमा अपाङ्गतामैत्री भाषा प्रयोग गर्न लाउनुपर्छ र अपाङ्गता भएका व्यक्तिहरूलाई लक्ष्य गरेर पहुँचयुक्त सूचना उपलब्ध गराउनुपर्छ ।

## अन्य

- निर्वाचन आयोगले विद्युतीय मतदान, घुम्ती मतदान जस्ता वैकल्पिक व्यवस्थाको खोजी गर्नुपर्छ ।





# ९ निष्कर्ष तथा सिफारिस

कानुनी ढाँचाको पुनरावलोकन तथा पर्यवेक्षण टोलीको निष्कर्षका आधारमा २०७४ सालमा भएको प्रतिनिधिसभा र राष्ट्रियसभा निर्वाचन अपाङ्गता भएका व्यक्तिहरूका लागि पर्याप्त किसिमले पहुँचयुक्त नभएको निष्कर्षमा एनएफडीएन पुगेको छ । विद्यमान कानुनी ढाँचा नेपालले अनुमोदन गरेको सीआरपीडीको भावनासँग पूर्णरूपमा मिल्दो छैन[१३] किनभने नेपालको कानुनले मतदान सहयोगी छान्ने स्वतन्त्रता नदिएको मात्र होइन, बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूलाई मतदानको अधिकारलाई पनि आत्मसात गरेको छैन । नेपालको कानुनले विद्यमान भौगोलिक विकटता र मतदानसम्बन्धी संरचनालाई ध्यानमा राखेर उचित सहजीकरण गर्ने र पहुँचयुक्त मतदान विधि अपनाउने ठाउँ दिएको छ । २०७४ सालको निर्वाचन पर्यवेक्षण, मतदाता सर्वेक्षण र कानुनी ढाँचाको अध्ययनले अपाङ्गता भएका व्यक्तिहरूको स्वतन्त्र किसिमको राजनीतिक अधिकार तथा निर्वाचनसम्बन्धी अधिकार सुनिश्चित गर्न कानुनी ढाँचा र निर्वाचन सञ्चालन र व्यवस्थापनमा उल्लेख्य सुधार हुनुपर्ने निष्कर्ष निकालेको छ ।

अन्तर्राष्ट्रिय कानुन र नेपालको संविधानले प्रत्याभूत गरे अनुरूप अपाङ्गता भएका व्यक्तिहरूलाई नागरिक तथा राजनीतिक प्रक्रियामा पहुँचको समान अधिकार सुनिश्चित गर्न एनएफडीएनले गरेका सिफारिसलाई तलका परिच्छेदहरूमा सारांशमा प्रस्तुत गरिएको छ ।

१३ केही हस्ताक्षरकर्ताले सैद्धान्तिकरूपमा स्वीकृति जनाए पनि सीआरपीडीको सिफारिसलाई पूरापूर लागू गर्ने प्रतिबद्धता जनाएका छैनन् । तर, नेपालले यसलाई अनुमोदन नै गरेकाले सिफारिसलाई पूरापूर पालना गर्नु पर्ने जिम्मेवारी छ ।

## ९.१ निर्वाचन कानुनमा सुधार

नेपालको संविधान र निर्वाचन आयोग ऐन, २०७३ ले निर्वाचन आयोगलाई निर्वाचन कानुन मस्यौदा गर्न, निर्वाचनसम्बन्धी नियमावली र निर्देशिका लागू गर्न र मतदाता नामावली र विभिन्न तहको निर्वाचन गर्नका लागि सबलीकरण गरेका छन् । तर, यसका लागि नेपाल सरकारले निर्वाचन आयोगले मस्यौदा गरेको वा प्रस्ताव गरेको कानुन पारित ग र्नुपर्छ । यस सन्दर्भमा अपाङ्गता भएका व्यक्तिहरूका लागि निर्वाचनमा पहुँच सुनिश्चित गर्न देहाय अनुसारका सिफारिस लागू गर्नुपर्छ र यसमा सबै सरोकारवालाको सामूहिक प्रयत्न आवश्यक छ :

### उपयुक्त प्रतिनिधित्व सुनिश्चित गर्न सुधार

नेपालको निर्वाचन कानुनले अपाङ्गता भएका व्यक्तिहरूलाई निर्वाचित हुने पदमा प्रतिनिधित्व गर्ने प्रत्याभूति गर्दैन । नेपालको संविधानले विधिनिर्माण निकाय (व्यवस्थापिका) मा अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधित्व हुनुपर्ने सङ्केत गरेको छ । प्रतिनिधिसभा र प्रदेशसभासम्बन्धी कानुनले राजनीतिक दलहरूले समानुपातिक प्रतिनिधित्व प्रणाली अन्तर्गत उम्मेदवारको सूचीमा अपाङ्गता भएका व्यक्तिहरूलाई समावेश गर्नुपर्छ मात्र भनेको छ । केही अपाङ्गता भएका व्यक्तिहरू चुनिएको सुनिश्चित गर्न कानुनमा सुधार गर्न सकिन्छ ।

अपाङ्गता भएका व्यक्तिहरूलाई निर्वाचनको काममा खटिएका कर्मचारीका रूपमा समावेश गर्नेबारे नेपालको निर्वाचन कानुन र प्रक्रिया मौन छन् । निर्वाचन आयोगको नियमावली र कार्यविधिले अपाङ्गता भएका व्यक्ति र सीमान्तकृत समूहहरूलाई निर्वाचनसँग सम्बन्धित पदमा आवेदन दिने अवसर दिनुपर्छ । उनीहरूलाई सुविधा र काम गर्ने वातावरण पनि दिनुपर्छ ।

### पहुँचयुक्त निर्वाचनका लागि सुधार

निर्वाचन आयोगले अपाङ्गता भएका व्यक्तिहरूका अधिकारसँग सम्बन्धित कानुनसँग मेलखाने गरेर निर्वाचनसँग सम्बन्धित कानुनमा पहुँचयुक्त निर्वाचन केन्द्र र निर्वाचन सामग्रीबारे विशेष प्रावधान राख्नुपर्छ र त्यसलाई संसद्ले पारित गर्नुपर्छ ।

मतदानकार्य धेरै जनसङ्ख्यालाई पायक पर्ने स्कुल जस्ता सार्वजनिक भवनमा सञ्चालन गर्नुपर्छ । आवश्यक भए यस्ता भवनमा र्‍याम्प निर्माण गर्नेबारे अतिरिक्त निर्देशिका पनि जारी गर्नुपर्छ । साथै, निर्वाचनसम्बन्धी नियमावलीमा पहुँचसम्बन्धी मापदण्डमा आधारित भएर निर्वाचन केन्द्र स्थापना गर्नुपर्ने प्रावधान राख्नुपर्छ । व्यवधानरहित पर्याप्त फराकिलो प्रवेशद्वार तथा बाहिर निस्कने बाटो, पहुँचयुक्त बस्ने व्यवस्था, पर्याप्त उज्यालो, पहुँचयुक्त शौचालय र सरसफाइसँग सम्बन्धित सेवा, ह्विलचियर प्रयोगकर्ताका लागि मतदानकेन्द्रभित्र हिँडडुल गर्नका लागि पर्याप्त ठाउँ तथा मतदानकेन्द्र नजिकै ह्विलचियर पार्किङ गर्ने ठाउँ जस्ता प्रावधान नियमावलीमा समावेश गर्नुपर्छ ।

सम्बन्धित कानुनी दस्ताबेजले निर्वाचनसम्बन्धी सामग्री तयार गर्दा पालना गर्नु पर्ने पहुँचसम्बन्धी मापदण्डबारे विवरण दिनुपर्छ । पहुँचयुक्त मतपत्र (ब्रेल मतपत्र वा स्पर्श प्रणालीमा आधारित गाइड वा पर्याप्त ठूला आकारका चुनाव चिह्न), मतसङ्केत गर्न राखिएको टेबलको पहुँचयुक्त उचाइ र मतपेटिका, ब्रेलमा रहेका चिह्न तथा मतदानसम्बन्धी निर्देशिका, श्रव्य निर्देशिका, ठूला अक्षरबारे विवरण दिनुपर्छ । यी र यस्ता कुराका साथै मतदानकेन्द्रमा साङ्केतिक भाषाका दोभासेको पनि व्यवस्था हुनुपर्छ । एनएफडीएन अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँचयुक्त प्रविधिको अन्वेषण गर्न र आवश्यक परीक्षण गर्न निर्वाचन आयोगलाई प्रोत्साहित गर्छ ।

### स्वतन्त्ररूपमा मतदान सहयोगी छान्न अनुमति दिनका लागि सुधार

प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनसम्बन्धी दुवै ऐनका दफा ४२ मा अपाङ्गता भएका व्यक्तिहरू वा ज्येष्ठ नागरिक आफैँ मतदान गर्न असक्षम भएमा अरूको सहयोग लिनसक्ने प्रावधान छ । तर, यसले एकाघरका सदस्य वा निर्वाचन अधिकृतको मात्र सहयोग लिनसक्ने व्यवस्था गरेको छ, जुन नेपालले जाहेर गरेको अन्तर्राष्ट्रिय प्रतिबद्धता र स्वतन्त्र किसिमले सहयोगी छान्न पाउने असल अभ्यासको विपरीत छ ।

आदर्शतः अपाङ्गता भएका मतदाताले मतदान सहयोगी स्वतन्त्र किसिमले छान्न सक्छन् भन्ने वाक्यले उल्लिखित प्रावधानलाई प्रतिस्थापित गर्नसक्छ, जुन

सीआरपीडीको प्रावधानसँग पूर्णरूपमा मिल्छ । एकाघरका सदस्यलाई फराकिलो किसिमले परिभाषित गर्न तथा निर्वाचन अधिकृतको तजबिजी अधिकारलाई सीमित तुल्याउन विद्यमान कार्यविधिलाई परिमार्जन गर्नुपर्छ । सहयोगी अवाश्यक पर्ने व्यक्तिका सम्बन्धमा कम्तीमा यति चाहिँ हुनैपर्छ । मतदानमा सहयोग गर्ने व्यक्तिले गलत आशयका साथ सहयोग गर्न चाहिरहेको छ भन्ने विश्वास गर्नका लागि निर्वाचन अधिकृतसँग बलियो कारण भएमा उसले त्यस्ता व्यक्तिको सहयोग अस्वीकार गर्न सक्छ भनी नियममा लेखिनुपर्छ । मतदान सहयोगीको सहयोग अस्वीकृत गरिएमा निर्वाचन अधिकृतले कारण खुलाएर निर्णय लेख्नसक्छ । अपाङ्गता भएका मतदाताका लागि मतदान सहयोगी छान्ने विकल्प नभएको अवस्थामा हरसमय निर्वाचनको काममा खटिएका कर्मचारी उपलब्ध हुने सुनिश्चित गर्न निर्वाचन आयोगले आफ्नो कार्यविधिमा सोही अनुसारको प्रावधान राख्नुपर्छ । मतदान अधिकृतबाहेक कसैले पनि एकभन्दा बढी मतदातालाई सहयोग गर्न नपाउने प्रावधान कार्यविधिमा राख्न सकिन्छ ।

### बौद्धिक तथा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूका सहभागितालाई अनुमति दिनका लागि सुधार

माथि छलफल गरिए अनुरूप नेपालको निर्वाचन कानुनले बौद्धिक तथा मनोसामाजिक अपाङ्गता भएका वा मानसिक सन्तुलन ठीक नभएको भन्ने शब्दावलीलाई कुनै थप परिभाषा नदिई यस्ता व्यक्तिलाई मतदान गर्न र कार्यालय सञ्चालन गर्न प्रतिबन्ध लगाएको छ । यस्ता दस्ताबेजले अपाङ्गताबारे उपयुक्त परिभाषा दिएका छैनन् । त्यसैले, मानसिक सन्तुलन ठीक नभएको भन्ने शब्दावलीलाई कसरी स्थापित गरिएको छ भन्नेबारे अदालतको आदेश वा चिकित्सकले दिएको प्रमाणपत्र आदिका आधारमा थप व्याख्या गर्नुपर्छ । 'मगज बिग्रेको' भन्ने शब्दावली गहन भएकाले यसलाई पुष्टि गर्न गाह्रो पर्छ । सुस्पष्टताको अभावमा यसले भेदभावतिर अग्रसर गराउँछ ।

निर्वाचन आयोगले निर्वाचन प्रक्रियामा सहभागी हुन को योग्य छ भन्नेबारे परिभाषित गर्न विद्यमान कानुनमा विचार विमर्श गर्नुपर्छ । अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ ले प्रचलित चिकित्सा सिद्धान्तमा आधारित भई चिकित्सकले अपाङ्गता खुट्याउनेछ भनेको छ । ऐनले अपाङ्गता भएका व्यक्तिका लागि परिचयपत्र जारी गर्नु पर्ने प्रावधान राखेको छ, जसले अपाङ्गताका प्रकृति र गम्भीरताबारे पनि जानकारी दिन्छ । निर्वाचन कार्यविधिले यस्ता परिचयपत्रलाई पनि ध्यानमा राख्नुपर्छ । मानसिक सन्तुलन ठीक नभएका भन्ने शब्दावलीलाई कानुनले परिभाषित गरेको छैन, न त यसलाई अपाङ्गताको मापदण्डभित्र राखिएको छ । ध्यान दिनु पर्ने महत्वपूर्ण कुरा के छ भने स्पष्टसँग परिभाषित भए पनि दायरा सीमित पार्ने यस्ता परिभाषाले बौद्धिक तथा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिमाथि भेदभाव गर्छ, जुन सीआर पीडीले अघि सारेको अन्तर्राष्ट्रिय मापदण्डको विरुद्धमा छ ।

### निर्वाचन प्रक्रियाका लागि अन्य सुधार

संवैधानिक प्रावधानका साथै सूचनाको हकसम्बन्धी ऐन, २०६४ मा सबै सार्वजनिक निकायले नेपालको नागरिकसँग सम्बन्धित सबै सूचना सार्वजनिक गर्नुपर्छ भन्ने व्यवस्था छ । निर्वाचनसँग सम्बन्धित कानुनी संरचनाको पुनरावलोकनका क्रममा छलफल गरिए अनुरूप निर्वाचनसँग सम्बन्धित सूचना अपाङ्गता भएका व्यक्तिहरूलाई पहुँचयुक्त ढाँचमा उपलब्ध गराउने कुनै प्रावधान छैन । यसलाई सही किसिमले सुधार्नु आवश्यक छ ।

निर्वाचन आयोगले निर्वाचन कसुर तथा सजाय ऐन, २०७३ र निर्वाचन आचार संहितामार्फत निर्वाचन अभियान र निर्वाचनसँग सम्बन्धित कार्यक्रमहरूमा अपाङ्गता भएका व्यक्तिहरूमाथि भेदभाव नहोस् भन्ने सुनिश्चित गर्ने प्रयास गरेको छ । निर्वाचन अभियानमा हेयकारी टिप्पणी गर्न नपाइने प्रावधान यसमा समाविष्ट छ तर यसलाई कडारूपमा लागू गर्नु आवश्यक छ । यसका अतिरिक्त, अपाङ्गता भएका व्यक्तिहरूमाथि निर्वाचन प्रक्रियाको पहुँचमा उत्पन्न हुने व्यवधान वा भेदभावविरुद्ध पहुँचयुक्त ढाँचामा गुनासो दर्ता गर्न पाउने प्रावधानलाई सुनिश्चित गर्न कानुनी ढाँचामा परिमार्जन गर्नुपर्छ । साथै, यस्ता गुनासालाई अनुमोदन गर्न पाउने अधिकार निर्वाचन आयोग र अन्य सम्बन्धित अधिकारी–हरूलाई दिनुपर्छ भने कानुनी उपचारको बाटो पनि खोलिदिनुपर्छ ।

## ९.२ मतदाता नामावली दर्ता प्रणाली र प्रक्रियामा सुधार

### अपाङ्गतासम्बन्धी तथ्याङ्क व्यवस्थापन

अपाङ्गता भएका मतदातासम्बन्धी तथ्याङ्क उपलब्ध भएमा उपयुक्त किसिमको मतदाता शिक्षासम्बन्धी सामग्री तयार गर्न र निर्वाचनका दिन अपाङ्गताका

किसिमका आधारमा मतदातालाई आवश्यक सहायताको व्यवस्था गर्न सकिन्छ । त्यसकारण, निर्वाचन आयोगले प्रत्येक मतदानकेन्द्रलाई आवश्यक पर्ने सहायताको सूची उपलब्ध हुनेगरी मतदाता नामावली दर्ता फारम र तथ्याङ्क व्यवस्थित गर्ने काम सुनिश्चित गर्नुपर्छ । नेपाल सरकारले अपाङ्गतासम्बन्धी तथ्याङ्क सङ्कलन गर्नुपर्छ । अपाङ्गता भएका मतदातालाई आवश्यक सहायता उपलब्ध गराउने अभिप्रायले त्यस तथ्याङ्कलाई निर्वाचन आयोगले सक्रियतापूर्वक पुनरावलोकन गर्नुपर्छ । यस्तो तथ्याङ्क सङ्कलन गर्ने काम माथि पनि भनिएको 'वाशिङ्टन ग्रुप' को अपाङ्गतासम्बन्धी प्रश्नावलीको मापदण्डमा आधारित हुनुपर्छ ।[१४] अपाङ्गता भएका व्यक्तिहरूका यस्ता अधिकारबारे निर्वाचन आयोगका सम्बन्धित कर्मचारीलाई प्रशिक्षण दिएर अभिमुखीकरण गनुपर्छ ।

### नागरिकता र मतदाता दर्ता प्रक्रियामा पहुँच

जनचेतनाको अभाव, परिवारको असहयोग र हिँडडुल गर्न नसक्दा धेरै योग्य व्यक्ति नागरिकता प्राप्तिसम्बन्धी अधिकारबाट बञ्चित रहँदै आएका छन् । मतदाता नामावली दर्ता प्रक्रियामा नागरिकताको प्रमाणपत्र पूर्वशर्त भएकाले योग्य नागरिक मतदाता सूचीबाट बाहिरिने धेरै सम्भावना छ । अतः सरकार र निर्वाचन आयोगले घुम्ती शिविर तथा घरदैलो भ्रमण कार्यक्रममार्फत नागरिकताको प्रमाणपत्र प्राप्ति र मतदाता दर्ता प्रक्रियाबारे जनचेतना फैलाउन र पहुँच बढाउनमा सहकार्य गर्न सक्छन् ।[१५]

## ९.३ मतदाता शिक्षामा सुधार

### उपयुक्त रणनीति र सामग्रीको विकास

पहुँचयुक्त ढाँचामा ज्यादै कम जानकारी उपलब्ध भएको र अपाङ्गता भएका मतदातालाई लक्ष्य गरेर एकदमै कम काम भएको सर्वेक्षणका क्रममा थाहा भयो । त्यसकारण, निर्वाचन आयोगले मतदाता शिक्षासम्बन्धी रणनीतिमा विशेष सुधार गर्नुपर्छ । यसले मतदाता शिक्षाका लागि उपयुक्त सामग्री र विषयवस्तु विकास गर्न सहयोग गर्छ । यस्ता सामग्री र कार्यक्रमको सही कार्यान्वयनले अपाङ्गता भएका मतदाताको पहुँच र सहभागितालाई सुनिश्चित गर्छ ।

पहुँचयुक्त सामग्रीमा दृष्टिसम्बन्धी अपाङ्गता भएका व्यक्तिहरूका लागि श्रव्य, ब्रेल तथा ठूला अक्षरमा तयार पारिएको सामग्रीइ श्रवणसम्बन्धी अपाङ्गता भएका मतदातालाई साङ्केतिक भाषा तथा तस्बिरइ बौद्धिक अपाङ्गता तथा अटिज्म भएकाहरूका लागि चित्रात्मक तथा सजिलै पढ्न सकिने सामग्री पर्छन् । यस्ता सामग्रीमा अपाङ्गता भएका शक्तिशाली व्यक्ति (निर्वाचित नेता वा सरकारी अधिकारी) लाई चित्रण गर्नु राम्रो हुन्छ । ठूला आकारका मतपत्र, साङ्केतिक भाषाका पोष्टर तथा श्रव्यदृश्य सामग्री (भिडियो), ब्रेलमा रहेका मतदानसम्बन्धी निर्देशिका, ठूला अक्षर तथा श्रव्य ढाँचामा रहेका सामग्री तथा अन्य सान्दर्भिक सामग्रीहरू पहुँचयुक्त सामग्रीका उदाहरण हुन् ।

यसैगरी, अपाङ्गता भएका व्यक्तिका संवेदनशीलता र विशेष आवश्यकताबारे मतदाता शिक्षकलाई उपयुक्त तालिम दिएर मतदाता शिक्षासम्बन्धी कार्यक्रम कार्यान्वयनलाई अगाडि बढाउन सकिन्छ । डीपीओ र अपाङ्गता भएका व्यक्तिहरूलाई सहभागी गराएर लक्षित मतदाता कार्यक्रमको प्रभावकारिता सुदृढरूपले अगाडि बढाउन सकिन्छ । मतदाता शिक्षासम्बन्धी कुनै पनि यस्ता क्रियाकलाप प्रभावकारी तथा समावेशीरूपले अघि बढेको सुनिश्चित गर्न अनुगमनकार्यलाई पनि सँगसँगै लानुपर्छ ।

## ९.४ मतदान प्रक्रियामा पहुँच अभिवृद्धि

### मतदानकेन्द्रमा पहुँचसम्बन्धी रुजुसूचीको कार्यान्वयन

मतदानकेन्द्रको व्यवस्थापनमा पहुँचसम्बन्धी रुजुसूची कार्यान्वयन गर्न निर्वाचन आयोगलाई जोडदार सिफारिस गरिन्छ । यस्ता रुजुसूचीमा निम्नबमोजिमका पक्षलाई सुनिश्चित गर्नुपर्छ :

- व्यवधानरहित एवं पहुँचयुक्त स्थानमा मतदानकेन्द्र स्थापना गर्नुपर्छ ।

१४ https://www.cdc.gov/nchs/washington_group/wg_questions.htm

१५ यससम्बन्धी एउटा दृष्टान्तका रूपमा सन् २०१५ मा डीपीओ र जिल्ला निर्वाचन कार्यालयको सामूहिक प्रयासमा कञ्चनपुरका एक जना अपाङ्गता भएका व्यक्ति मतदाता नामवली सूचीमा दर्ता भएको घटनालाई लिन सकिन्छ ।

- मतदानकेन्द्रमा पुग्ने ठाउँमा स्थायी वा अस्थायी र्‍याम्प निर्माण गर्नुपर्छ ।
- पर्याप्त फराकिलो प्रवेशद्वार तथा बाहिर निस्कने ठाउँ हुनुपर्छ । ह्विलचियर प्रयोगकर्ताका लागि मतदानकेन्द्रमा हिँड्डुल गर्ने ठाउँ तथा मतदान बुथमा पुग्ने ठाउँको व्यवस्था हुनुपर्छ (मतसङ्केत गर्ने टेबल र मतपेटिकाको उचाइबारे मतदातालाई आवश्यक जानकारी दिने) ।
- न्यून दृष्टि भएका वा सुस्त श्रवण मतदातालाई मतदान प्रक्रियाबारे सुसूचित गर्न ठूला अक्षर तथा सचित्र निर्देशन वा अन्य पहुँचयुक्त माध्यमको व्यवस्था हुनुपर्छ ।
- प्राथमिकतायुक्त मतदानको प्रावधानको पूरकको रूपमा मतदान गर्न पालो कुरेर बसेका ज्येष्ठ नागरिक, गर्भवती महिला तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि पर्याप्तमात्रामा कुर्सी वा अन्य बस्ने साधनको व्यवस्था हुनुपर्छ ।
- मतदान बुथसहित मतदानकेन्द्रमा उज्यालोको पर्याप्त व्यवस्था हुनुपर्छ तर मतको गोपनीयता सुनिश्चित हुनुपर्छ ।
- ज्येष्ठ नागरिक, गर्भवती महिला, हिँड्डुलमा समस्या भएका व्यक्तिलगायतका अपाङ्गता भएका व्यक्तिहरूका लागि मतदान केन्द्रमा आउन र त्यहाँबाट फर्कनका लागि यातायातको व्यवस्था हुनुपर्छ ।
- मतदानकेन्द्रमा पहुँचयुक्त शौचालय र सरसफाइको व्यवस्था हुनुपर्छ ।

पहुँचसम्बन्धी मापदण्ड पूरा भएको सुनिश्चित गर्न निर्वाचन आयोगले उपयुक्त किसिमको अनुगमनको व्यवस्था गर्नुपर्छ । पहुँचसम्बन्धी रुजुसूची अनुसूची २ मा समाविष्ट छ ।

### तालिम प्राप्त व्यक्तिबाट सहायता र पहुँचयुक्त मतदान

निर्वाचन आयोगले अपाङ्गता भएका मतदातालाई सहायता गर्नका लागि निर्वाचनसम्बन्धी कर्मचारीलाई पहुँचयुक्तता र सहायताबारे तालिम दिएको सुनिश्चित गर्नुपर्छ । उपयुक्त अनुकूलतासम्बन्धी तालिममा निर्वाचन आयोगले मतदाता दर्तासम्बन्धी आफ्नो तथ्याङ्क प्रयोग गर्नसक्छ । विभिन्न प्रकार का अपाङ्गता भएका मतदातालाई सहायता गर्ने प्रयोजनका लागि आयोजित तालिममा निर्वाचन आयोगले आफ्नो तालिम निर्देशिका र कार्यक्रममा परिमार्जित विषयवस्तु प्रयोग गर्नुपर्छ । उदाहरणका लागि दृष्टिसम्बन्धी अपाङ्गता भएका मतदाताका लागि स्पष्ट निर्देशन चाहिन्छ । जस्तैः यहाँ, त्यहाँ भन्नुको सट्टा 'दाहिनेतिर मोडिनुहोस्, सीधा अगाडि आउनुहोस् वा सीधा पछाडि जानुहोस्' भन्नुपर्ने हुन्छ । त्यसैगरी, श्रवणसम्बन्धी अपाङ्गता भएका मतदाताका लागि निरन्तररूपमा आँखाको सम्पर्क तथा चिह्न र तस्बिरको निरन्तर आवश्यकता पर्छ । ह्विलचियर प्रयोगकर्ताले र्‍याम्प प्रयोग गर्दा पछाडि बसेर सहयोग गर्नु पर्ने हुन्छ । अपाङ्गता भएका मतदातालाई उपयुक्त सहायता दिनेबारे पहुँचसम्बन्धी नमूना रुजुसूची (पृष्ठ २) अनुसूची २ मा समाविष्ट छ ।

निर्वाचन आयोगले प्रत्येक मतदानकेन्द्रमा 'हेल्पडेक्स' को सेवा दिनेबारे सोच्नुपर्छ, जहाँ तालिमप्राप्त कर्मचारी वा स्वयंसेवकले अपाङ्गता भएका मतदातालगायत सबै मतदातालाई सूचना उपलब्ध गराउने छन् । 'हेल्पडेक्स' मा बस्ने कर्मचारी श्रवणसम्बन्धी अपाङ्गता भएका व्यक्तिलाई साङ्केतिक भाषामा सूचना प्रवाह गर्न सक्ने भए अझ लाभदायक हुनेछ ।

यसका साथै, निर्वाचन आयोगले मतदानकेन्द्रहरूमा श्रव्य, तस्बिर तथा ठूला अक्षर, ह्विलचियर, स्पर्श प्रणालीको मतपत्र लागू गर्नसक्छ । एनएफडीएन यस्ता निर्वाचन सहायता सामग्री (कम्तीमा स्पर्श प्रणालीको निर्देशिका) सुरु गर्न निर्वाचन आयोगलाई सिफारिस गर्छ ।

## ९.५ सरोकारवालको सहभागिता

सबै निर्वाचन साझेदारबीच जनचेतना अभिवृद्धि गरेर पहुँचयुक्त निर्वाचनसम्बन्धी उपलब्धि हासिल गर्न सकिन्छ र उनीहरूको सकारात्मक प्रयासबाट अपाङ्गतामैत्री निर्वाचन गर्न सकिन्छ । मुख्य साझेदार हुन्ः निर्वाचन आयोगका साथै नेपाल सरकार, राजनीतिक दल, सङ्घीय तथा प्रादेशिक सांसद, निर्वाचन पर्यवेक्षक, आमसञ्चारका माध्यम तथा डीपीओसहितका नागरिक समाज । देहायबमोजिमका प्रतिबद्धता हासिल गर्न निर्वाचन आयोगले सबै निर्वाचन साझेदारलाई अभिमुखीकरण गर्ने जिम्मेवारी लिनुपर्छ :

## राजनीतिक दल

- राजनीतिक दलले आफ्ना सदस्य तथा निर्वाचित नेताहरूलाई अपाङ्गता भएका व्यक्तिका राजनीतिक तथा निर्वाचनसम्बन्धी सहभागितामा आउने व्यवधान, कानुनी प्रावधान तथा अपाङ्गता भएका व्यक्तिको समान पहुँचका लागि चाल्न सकिने कदमबारे अभिमुखीकरण गर्नुपर्छ । सम्भव भएको ठाउँमा दलले अपाङ्गता भएका व्यक्तिका खास आवश्यकता जान्न र तिनका आवश्यकतालाई सम्बोधन गर्ने नीतिनिर्माणमा डीपीओसँग परामर्श गर्ने कामलाई संस्थागत गर्नुपर्छ । समावेशितातर्फको यस्तो संवेदनशीलता र खुलापनसहितको निर्वाचन अभियानले मुख्य स्थान पाउनुपर्छ । यसमा मतदाता शिक्षा वा मतको याचना तथा दलका आन्तरिक तथा बाह्य निर्णयहरू पनि समावेश हुन्छन् ।
- नेपालको संविधानमा परिकल्पना गरिएको समावेशिताको सिद्धान्त अनुसार अपाङ्गता भएका व्यक्तिलाई राजनीतिक तथा निर्वाचन प्रक्रियामा सक्रिय सहभागी हुन अवसर दिने कुरालाई राजनीतिक दलले सुनिश्चित गर्नुपर्छ । उदाहरणका लागि पार्टीका आन्तरिक संरचना र समितिमा अवसर दिने । त्यसै गरी, निर्वाचनमा उम्मेदवार बन्ने तथा दलको एजेन्ट बन्ने अवसर दिने ।
- राजनीतिक दलले आफ्ना कार्यालय र वातावरण (परिवेश) लाई कर्मचारी र पाहुनाका लागि पनि अपाङ्गतामैत्री बनाउने जिम्मेवारी लिनुपर्छ । यसमा संरचना र पहुँचमा ध्यान दिनेदेखि अपाङ्गता भएका कर्मचारी तथा पाहुनाहरूका लागि संवेदनशीलता अपनाउनेसम्मका कुरा पर्छन् ।
- नेपालमा राजनीतिक दलले अपाङ्गताको मामिलाप्रति असंवेदनशीलताको विरुद्धमा अनुमोदन गर्न सक्छन् । यसले कानुनी तथा नियामक अनुमोदनमा पूरक भूमिका निर्वाह गर्न सक्छ । निर्वाचन वा निर्वाचनबाहेकको समयमा हुने अनुपयुक्त वा असंवेदनशील व्यवहार वा अभिव्यक्ति जस्ता मामिला यसमा पर्छन् ।





## सङ्घीय, प्रादेशिक तथा स्थानीय सरकार तथा जनप्रतिनिधि

- जनप्रतिनिधिका रूपमा सांसदले स्थानीय, प्रादेशिक तथा सङ्घीय दायरामा रहेका अपाङ्गता भएका व्यक्तिलगायतका नागरिकलाई प्रभाव पार्ने विषयमा निर्णय लिने र कानुन बनाउने विशेष तथा साझा अधिकार छ । त्यसकारण, यी जनप्रतिनिधिले अपाङ्गता भएका व्यक्तिहरूको नागरिक, राजनीतिक, निर्वाचन, सांस्कृतिक तथा आर्थिक अधिकार उपभोगमा आउने अवरोधबारे बुझ्नु आवश्यक छ । यो कुरा सांसदहरूको हकमा बढी सान्दर्भिक हुन आउँछ, जो विभिन्न समितिमा रहेर मस्यौदा तयार गर्ने, छलफल गर्ने तथा कानुन पारित गर्ने ठाउँमा छन् । उनीहरूले नागरिकलाई प्रभाव पार्ने विषयमा निर्णय लिँदा अपाङ्गतामैत्री पन र समावेशिताबारे ध्यान दिनुपर्ने हुन्छ ।
- जनप्रतिनिधि तथा सरकारले भेला, संसद् तथा मन्त्रालयमा अपाङ्गतासम्बन्धी मामिलालाई उठाएर समावेशिता प्रवर्द्धन गर्न सक्छन् । यस्ता प्रयासले निर्वाचन प्रक्रियामा अपाङ्गता भएका व्यक्तिहरूको समान पहुँच सुनिश्चित हुनेगरी विद्यमान कानुन तथा अभ्यासलाई परिमार्जन गर्न सघाउने अपेक्षा गरिन्छ ।
- हरेक आम निर्वाचनपछि अपाङ्गता भएका व्यक्तिहरूलाई निर्वाचन प्रक्रियामा सहभागी गराउने क्रममा आउने व्यवधान हटाउन भएका प्रयासबारे प्रगति प्रतिवेदन उपलब्ध गराउन सङ्घीय संसद्ले निर्वाचन आयोगसँग अनुरोध गर्नुपर्छ ।

## राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षक

- अल्पकालीन तथा दीर्घकालीनरूपमा निर्वाचन पर्यवेक्षणमा संलग्न अन्तर्राष्ट्रिय तथा राष्ट्रिय संस्था एवं व्यक्तिहरूलाई तिनको पर्यवेक्षणकार्य अपाङ्गता–समावेशी बनाउन तिनका विधि तथा तौरतरिकालाई पुनरावलोकन गर्न एनएफडीएन सिफारिस गर्छ । अपाङ्गता भएका व्यक्तिलाई पर्यवेक्षकको रूपमा खटाउने र राजनीतिक तथा निर्वाचन प्रक्रियामा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच र सहभागिताबारे अनुगमन गरी प्रगति

विवरणसमेत पेश गर्नुलाई यसको उदाहरण मान्न सकिन्छ । यसका साथै, पर्यवेक्षणमा अपाङ्गताको पहुँच बढाउने विधि अपनाउनुलाई यस्तो कार्यको उदाहरणको रूपमा लिन सकिन्छ ।

- यी संस्थाले आफ्ना कर्मचारी तथा पर्यवेक्षकलाई अपाङ्गतासम्बन्धी मामिला, पहुँचयुक्त निर्वाचन प्रक्रिया, कानुनी प्रावधान तथा अपाङ्गता–समावेशी पर्यवेक्षण विधिबारे तालिम दिनैपर्छ ।

## नागरिक समाज र अपाङ्गता भएका व्यक्तिहरूका संस्था (डीपीओ)

- डीपीओसहितका नागरिक समाजका संस्थाले निर्वाचन प्रक्रियालाई अपाङ्गता–समावेशी बनाउन सार्थक भूमिका निर्वाह गर्न सक्छन् । यसमा निर्वाचनसम्बन्धी (विशेषगरी अपाङ्गता भएका व्यक्तिहरूलाई लक्ष्य गरेर सम्प्रेषण गरिने) सूचनाको व्यापक प्रवाहलाई सुनिश्चत गर्न निर्वाचन आयोगले अघि बढाएको मतदाता शिक्षासम्बन्धी निर्वाचनसम्बन्धी प्रयासलाई सघाउने काम पनि पर्छन् । अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँचयुक्त ढाँचामा आवश्यक सूचना प्रवाह गर्न डीपीओहरूले निर्वाचन आयोगलाई अतिरिक्तरूपमा सघाउन सक्छन् । मतदाता नामावली दर्ता, निर्वाचन हुने दिनको व्यवस्थापन, निर्वाचनको पुनरावलो कनलगायत समग्र निर्वाचनचक्रको महत्वपूर्ण हिस्सामा पहुँच सुनिश्चित गर्न नागरिक समाजका संस्था र डीपीओहरूले सक्रिय भूमिका निर्वाह गर्न सक्छन् ।
- अन्त्यमा, अपाङ्गता भएका व्यक्तिहरूको पहुँच र समावेशिताबार नागरिक समाजका संस्था र डीपीओहरूले सम्बन्धित सरकार र निर्वाचन आयोगसँग काम गर्न सक्छन्। यस प्रतिवेदनमा प्रस्तुत भएको आँकडा अपाङ्गता भएका व्यक्तिबारे विद्यमान आँकडा र तिनका मामिलाको पूरक बन्नेछ भन्नेमा एनएफडीएन आशावादी छ । साथै, यसले अपाङ्गता भएका व्यक्तिहरूका अधिकारबारे प्रमाणमा आधारित पैरवी गर्न र नेपालको राजनीतिक तथा निर्वाचन प्रक्रियामा उनीहरूको पहुँचमा सुधार ल्याउन सहयोग पुऱ्याउनेछ ।





# १ अनुसूची

# अपाङ्गतासम्बन्धी संवैधानिक तथा कानुनी प्रावधान

## नेपालको संविधान

२०७२ साल असोजमा जारी भएको नेपालको संविधानले सङ्घीय संसद् (प्रतिनिधिसभा र राष्ट्रियसभा) तथा प्रदेशसभालगायतका राज्यका संयन्त्रमा अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधित्व र सहभागिता सुनिश्चित गर्न विशेष प्रावधान राखेको छ । यी प्रावधान तल व्याख्या गरिएबमोजिका छन् :

### धारा १८

**समानताको हकः** (३) राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै पनि आधारमा भेदभाव गर्ने छैन । तर, सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसङ्ख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिकरूपले विकल्पन्न खस आर्यलगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानुनबमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन ।

## धारा ४२

**सामाजिक न्यायको हकः** (१) आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, पिछडा वर्ग, अल्पसङ्ख्यक, सीमान्तीकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिकरूपले विकल्पन्न खस आर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुनेछ । )

## धारा ५१

**राज्यका नीतिहरू :** राज्यले देहायका नीतिहरू अवलम्बन गर्नेछ :

(ज) नागरिकका आधारभूत आवश्यकतासम्बन्धी नीति :

(ज) को (१४) यातायात सुविधामा नागरिकहरूको सरल, सहज र समान पहुँच सुनिश्चित गर्दै यातायात क्षेत्रमा लगानी अभिवृद्धि गर्ने र वातावरण अनुकूल प्रविधिलाई प्राथमिकता दिँदै सार्वजनिक यातायातलाई प्रोत्साहन र निजी यातायातलाई नियमन गरी यातायात क्षेत्रलाई सुरक्षित, व्यवस्थित र अपाङ्गता भएका व्यक्ति अनुकूल बनाउने ।

## धारा ८४

**प्रतिनिधिसभाको गठन :** (२) समानुपातिक निर्वाचन प्रणालीबमोजिम हुने प्रतिनिधिसभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिँदा जनसङ्ख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था सङ्घीय कानुनबमोजिम हुनेछ । त्यसरी उम्मेदवारी दिँदा भूगोल र प्रादेशिक सन्तुलनलाई समेत ध्यान दिनु पर्नेछ ।

(३) उपधारा (२) बमोजिम राजनीतिक दलले उम्मेदवारी दिँदा अपाङ्गता भएको व्यक्तिको समेत प्रतिनिधित्व हुने व्यवस्था गर्नु पर्नेछ ।

## धारा १७६

**प्रदेशसभाको गठनः** (६) समानुपातिक निर्वाचन प्रणालीबमोजिम हुने प्रदेशसभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिँदा जनसङ्ख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र, अल्पसङ्ख्यक समुदायसमेतबाट बन्दसूचीका आधारमा प्रतिनिधित्व हुने व्यवस्था सङ्घीय कानुनबमोजिम हुनेछ । त्यसरी उम्मेदवारी दिँदा सम्बन्धित प्रदेशको भौगोलिक सन्तुलनलाई समेत ध्यान दिनु पर्नेछ ।

(७) उपधारा (६) बमोजिम राजनीतिक दलले उम्मेदवारी दिँदा अपाङ्गता भएका व्यक्तिको समेत प्रतिनिधित्व हुने व्यवस्था गर्नु पर्नेछ ।

## धारा ८६

**राष्ट्रियसभाको गठन र सदस्यहरूको पदावधि :**

(२) राष्ट्रियसभामा देहायबमोजिमका उनान्साठी सदस्य रहनेछन् :

(क) प्रदेशसभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख रहेको निर्वाचक मण्डलद्वारा सङ्घीय कानूनबमोजिम प्रदेशसभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखको मतको भार फरक हुनेगरी प्रत्येक प्रदेशबाट कम्तीमा तीन जना महिला, एक जना दलित र एक जना अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यकसहित आठ जना गरी निर्वाचित छपन्न जना ।

# अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४

## दफा ११:

**राजनीतिक सहभागिताको अधिकार :** (१) अपाङ्गता भएका व्यक्तिलाई अन्य व्यक्तिसरह समान आधारमा भयरहित वातावरणमा निर्वाचनमा उम्मेदवार हुने र स्वेच्छिकरूपमा कसैको सहयोग लिई वा नलिई मतदान गर्ने अधिकार हुनेछ ।

(२) नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिलाई मतदानको प्रक्रिया, सुविधा र सामग्रीलाई पहुँचयुक्त तथा बुझ्न र प्रयोग गर्न सक्ने गरी उपयुक्त व्यवस्था मिलाउनेछ ।

# प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४

यस ऐनले अपाङ्गता भएका व्यक्तिहरूलाई उम्मेदवारको बन्दसूचीमा राख्न र उनीहरूलाई उचित सहयोग गर्नुपर्ने बारे बोलेको छ :

## दफा २८

**उम्मेदवारको बन्दसूची तयार गर्ने :** (६) दलले उम्मेदवारको बन्दसूची तयार गर्दा पिछडिएको क्षेत्र तथा अपाङ्गता भएका व्यक्तिको समेत प्रतिनिधित्व हुनेगरी गर्नु पर्नेछ ।

### दफा ४१

**मतदानकेन्द्रमा प्रवेश :** (१) मतदान अधिकृतले मतदानकेन्द्रमा देहायका व्यक्तिबाहेक अरू कसैलाई प्रवेश गर्न दिने छैन :

(छ) दृष्टिविहीन वा शारीरिकरूपले अशक्त मतदाताको सहयोगको लागि साथमा आएको एकाघरको परिवारको सदस्य ।

### दफा ४२

**अशक्त मतदाता :** दृष्टिविहीन, शारीरिक अशक्तता वा अरू कुनै कारणवश कुनै मतदाता आफैँले मतसङ्केत गर्न नसक्ने भई मतसङ्केत गर्ने काममा सहयोग पुऱ्याउन अफ्नो एकाघरको परिवारको सदस्यलाई साथमा लैजान अनुमति मागेमा वा मतसङ्केत गर्ने काममा सहयोग पुऱ्याउन मतदान अधिकृतलाई अनुरोध गरेमा र मतदान अधिकृतलाई सो कुरा उपयुक्त लागेमा निजको परिचय खुल्ने प्रमाणको आधारमा परिवारको त्यस्तो सदस्यलाई मतदाताको साथमा मतसङ्केत गर्ने स्थानमा प्रवेश गर्न अनुमति दिन वा मतदान अधिकृतले मतदाताको इच्छा अनुसार निजको मतपत्रमा मतसङ्केत गरिदिन सक्नेछ ।

### दफा ६०

**समानुपातिक निर्वाचनको परिणामको घोषणा :** (६) उपदफा (५) बमोजिम दलले सूची पेश गर्दा जनसङ्ख्या र सो दलले प्राप्त गरेको सिट सङ्ख्याको आधारमा अनुसूची– १ मा तोकिएको प्रतिशत अनुरूप दलित, आदिवासी जनजाति, खस आर्य, मधेशी, थारू तथा मुस्लिमको प्रतिनिधित्व हुनेगरी यथासम्भव बन्दसूचीमा नाम समावेश भएको क्रम अनुसार सूची पेश गर्नु पर्नेछ । त्यस्तो सूचीमा यथासम्भव पिछडिएको क्षेत्र तथा अपाङ्गता भएको व्यक्तिको समेत प्रतिनिधित्व गराउनु पर्नेछ ।

## प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४

यस ऐनले अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्व र सहभागिताबारे उस्तै (प्रतिनिधिसभाको जस्तै) प्रावधान राखेको छ :

### दफा २८.

**उम्मेदवारको बन्दसूची तयार गर्ने :** (६) दलले उम्मेदवारको बन्दसूची तयार गर्दा अपाङ्गता भएको व्यक्तिलाई समेत समावेश गर्नु पर्नेछ ।



नेपालको निर्वाचन प्रक्रियामा अपाङ्गता भएका व्यक्तिहरूको

### दफा ४१

**मतदानकेन्द्रमा प्रवेश :** (१) मतदान अधिकृतले मतदानकेन्द्रमा देहायका व्यक्तिबाहेक अरू कसैलाई प्रवेश गर्न दिने छैन :

(छ) दृष्टिविहीन वा शारीरिकरूपले अशक्त मतदाताको सहयोगको लागि साथमा आएको एकाघरको परिवारको सदस्य ।

### दफा ४२

**अशक्त मतदाता :** दृष्टिविहीन, शारीरिक अशक्तता वा अरू कुनै कारणवश कुनै मतदाता आफैँले मतसङ्केत गर्न नसक्ने भई मतसङ्केत गर्ने काममा सहयोग पुऱ्याउन अफ्नो एकाघरको परिवारको सदस्यलाई साथमा लैजान अनुमति मागेमा वा मतसङ्केत गर्ने काममा सहयोग पुऱ्याउन मतदान अधिकृतलाई अनुरोध गरेमा र मतदान अधिकृतलाई सो कुरा उपयुक्त लागेमा निजको परिचय खुल्ने प्रमाणको आधारमा परिवारको त्यस्तो सदस्यलाई मतदाताको साथमा मतसङ्केत गर्ने स्थानमा प्रवेश गर्न अनुमति दिन वा मतदान अधिकृतले मतदाताको इच्छा अनुसार निजको मतपत्रमा मतसङ्केत गरिदिन सक्नेछ ।

### दफा ६०

**समानुपातिक निर्वाचनको परिणामको घोषणा :** (६) उपदफा (५) बमोजिम दलले सूची पेश गर्दा जनसङ्ख्या र सो दलले प्राप्त गरेको सिट सङ्ख्याको आधारमा दलित, आदिवासी जनजाति, खस आर्य, मधेशी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र, अल्पसङ्ख्यक समुदाय तथा अपाङ्गता भएको व्यक्तिको प्रतिनिधित्व हुनेगरी यथासम्भव बन्द सूचीमा नाम समावेश भएको क्रम अनुसार सूची पेश गर्नु पर्नेछ ।

## निर्वाचन आयोगको पञ्चवर्षीय रणनीतिक योजना (सन् २०१५-२०१९)

### लक्ष्य १५ः मतदाता र निर्वाचन अधिकारीमैत्री निर्वाचन सञ्चालन गर्ने ।

**क्रियाकलाप ४ :** निर्वाचन अधिकृत, मतदान अधिकृत तथा सहायक मतदान अधिकृतको सूची तयार पारिनेछ, त्यसमा लैङ्गिकता र सामाजिक समावेशिता (जेसी) का हिस्सालाई स्पष्टरूपमा पहिचान गरिनेछ ।

**क्रियाकलाप ५ :** मतपत्रमा ब्रेल लिपि प्रयोग गरिनेछ (परिकल्पनाः प्रत्येक निर्वाचनमा एक लाख यस्ता मतपत्र तयार पार्ने प्रगतिशील लक्ष्य राखिनेछ) ।

**क्रियाकलाप ६ :** अपाङ्गता भएका मतदातालाई गोप्यरूपले मतसङ्केत गर्ने र मतपेटिकामा मतपत्र खसाउनेलगायतका काममा सघाउन एउटा मतदानकेन्द्रमा कम्तीमा एक जनालाई नियुक्त गरिनेछ ।

**क्रियाकलाप ७ः** विस्तारै अपाङ्गतामैत्री मतदानस्थलहरू स्थापना गरिनेछ (परिकल्पनाः प्रत्येक निर्वाचनमा एक हजार मतदानस्थल स्थापना गरिनेछ) ।





# २ अनुसूची

# पहुँचयुक्त मतदान स्थलका लागि रुजुसुची



अपाङ्गतामैत्री मतदान सञ्चालनका लागि असल अभ्याससम्बन्धी स्रोतसामग्री

## १. अपाङ्गतामैत्री मतदान केन्द्र निर्माण गर्ने ।

### मतदान केन्द्र समतल स्थानमा निर्माण गर्नुपर्छ ।

मतदान केन्द्र चट्टान भएको, उकालो/ओरालो, खुड्किला, भऱ्याङ वा सिढींको प्रयोग गर्नुपर्ने स्थानमा निर्माण गर्नुहुँदै न । सकेसम्म खाल्टाखुल्टी वा हिलो नरहेको, ढल वा पानी नबग्ने र लामो–लामो घाँसपातसमेत नरहेको सुनिश्चित गर्नुपर्छ ।



### निर्वाचन आयोगले तोकेबमोजिम मतदान केन्द्र निर्माण गर्दा,

१. मतदान स्थल/केन्द्रभित्र आउने र बाहिर जाने स्थान वा द्वारको चौडाइ कम्तिमा १ मिटर हुनुपर्छ ।

२. गोप्य मतदान कक्षमा राखिएको टेबुलको उचाइ भुइदेखि ९० सेन्टिमिटर देखि १ मिटरसम्म अग्लो हुनुपर्छ ।

३. मतदाताको सहजताका लागि गोप्य मतदान कक्ष भित्ताबाट कम्तिमा १ मिटरको दूरीमा राख्नुपर्छ ।

४. मतदान केन्द्रमा व्हिलचेयर प्रगोगकर्तालाई सहज हुनेगरी मतदान सामाग्री व्यवस्थापन गर्नुपर्छ । व्हिलचेयरको अगाडी पट्टीको खुट्टा राख्ने भाग टेबुलको मुनि पसाएर सजिलोसँग मत सङ्केत गर्न मिल्ने गरी मिलाउनुपर्छ ।

५. मतपेटिका राख्ने टेबुलको उचाइ भुईदेखि बढीमा ३५ सेन्टिमिटर अग्लो हुनुपर्छ ।

६. मतदान केन्द्रमा कुनै पनि उपकरण दृष्टिविहीन वा दृष्टिसम्बन्धी अपाङ्गता भएका मतदातालाई आकस्मिक वा अन्य तवरले ठोकिने वा अवरोध हुनेगरी राख्नु वा झुन्ड्याउनु हुँदैन ।



Min. 1m from the wall Max. 1m



Entry/exitMin. 1 metre wide



Max. 35 cm

यस किसिमको मतदान केन्द्र बनाउन नसकिएको अवस्थामा मतदान अधिकृतले अपाङ्गता भएका, अशक्त, बृद्ध, सुत्केरी एवं गर्भवती मतदातालाई सहजीकरण गरिदिनुपर्ने हुन्छ ।

## २. अपाङ्गता भएका मतदातालाई आवश्यक सहयोग प्रदान गर्ने ।

- मतदातालाई सहयोग गर्नुअघि सहयोग आवश्यक छ वा छैन भनी सोध्नुपर्छ । मतदाताले सहयोग आवश्यक छ भनी अनुरोध गरेमा मात्र सहयोग गर्नुपर्छ । मतदातासँगै सहयोगी वा साङ्केतिक भाषाका दोभाषे उपस्थित भए पनि मतदातासँग सोझै सरल भाषामा कुरा गर्नुपर्छ ।
- मतदान अधिकृतले अपाङ्गता भएका, अशक्त तथा बृद्ध मतदातालाई मतसङ्केत गर्ने कार्यमा मतदाताको साथमा आएको परिवारको सदस्यको सहयोग उपलब्ध गराउन सकिने जानकारी दिनुपर्दछ । मतदाताले सहयोग मागेमा मतदान अधिकृतले नै मतदाताले भनेबमोजिम मतसङ्केत गरी सहयोग गर्नसक्नेछन् । यसरी सहयोग गर्दा मतको गोपनीयता कायम राख्नुपर्नेछ ।
- केही मतदाताले गोप्य रूपमा मतदान अधिकृतको व्यवहारको परीक्षण गर्न खोजेको हुनसक्ने कुरा ध्यानमा राखी सतर्क हुनुहोस् र निष्पक्ष व्यवहार गर्नुहोस् ।

### विभिन्न किसिमका अपाङ्गता भएका मतदातासँग अन्तरक्रिया गर्दा निम्न उपायहरू सम्झनुहोस् :

**दृष्टिसम्बन्धी अपाङ्गता भएका मतदाता**लाई न्यून दृष्टि, 'लो भिजन', वा चस्मा लगाए पनि देख्न कठिन हुनसक्छ ।

- मतदाताको काँधमा वा हातमा थपथपाउनुहोस् र आफ्नो परिचय दिनुहोस् । सहायताको आवश्यकता भएमा आफूले सहयोग गर्ने जनाउँदै कसरी सहयोग गर्न सकिन्छ सोध्नुहोस् ।
- मतदातालाई सहज लाग्ने गरी आफ्नो दायाँ वा बायाँ हात समातेर अघि बढ्न दिनुहोस् ।
- मतदान केन्द्रमा रहेका सामग्रीबारे वर्णन गर्दा "यता, उता, यो, त्यो" जस्ता शब्दको प्रयोग नगरी सकेसम्म विस्तृत र स्पष्ट रूपमा वर्णन गर्नुहोस् । उदाहरणका लागि, "कदम दायाँ वा बायाँ," "अगाडि वा पछाडि आउनुहोस्" आदि ।
- मतदातालाई मेचमा बस्न सहयोग गर्ने क्रममा मतदाताको हातलाई मेचको एक छेउमा समाउन लगाई मेचमा पछाडि अडेस लाग्ने र बस्ने कक्ष आफैं पत्ता लगाउन दिनुहोस् ।

**सुनाइसम्बन्धी अपाङ्गता भएका मतदाता**लाई श्रवण उपकरणको प्रयोग गर्दासमेत सुनाइमा कठिनाइ हुनसक्छ ।

- बहिरा वा सुस्तश्रवण मतदाताको ध्यान आकर्षित गर्न हात बिस्तारै हल्लाउनुहोस् वा काँधमा थपथपाउनुहोस् ।
- सहयोगी, साङ्केतिक भाषाका दोभाषे वा परिवारका अन्य सदस्यसँग

नेपालको निर्वाचन प्रक्रियामा अपाङ्गता भएका व्यक्तिहरूको

नभई मतदातासँग सोभै अनुहारमा हेर्दै कुराकानी गर्नुहोस् । सजिलो शब्दहरूको प्रयोग गरी तपाईंको ओठ पढ्न सकिने गरी बिस्तारै बोल्नुहोस् । अनावश्यक रूपमा ठूलो स्वरमा नबोल्नुहोस् ।

- अपरिचित वा बुझ्न कठिन शब्दको हकमा पर्यायवाची शब्दको प्रयोग गरी वर्णन गर्नुहोस् । आवश्यक भएमा धैर्यपूर्वक पटक पटक दोहोऱ्याउनुहोस् ।
- प्रभावकारी सञ्चारका लागि हात वा अनुहारको भाव प्रयोग गर्न सकिन्छ । लेखेर वा चित्र कोरेर वर्णन गर्दा मतदातालाई बुझ्न सहज हुनसक्छ ।

**शारीरिक अपाङ्गता भएका मतदाता**लाई अन्य व्यक्ति सरह हिंड्न वा खुड्किला चढ्न कठिन हुनसक्छ । मतदाताले व्हिलचेयर, छडि, लाठी, बैशाखी वा अन्य सहयोगी उपकरणको प्रयोग गरेको हुनसक्छ ।

- सहयोग गर्नु अघि व्यक्तिलाई मद्दतको प्रस्ताव गर्नुहोस् । यदि मतदाताको खुट्टा अस्थिर भएमा आफ्नो हात समात्न दिनुहोस् ।
- यदि मतदाता लडेर उठ्न प्रयास गरेको अवस्थामा भए आफ्नो हात समात्न प्रस्ताव गर्नुहोस् र कसरी सहयोग गर्न सकिन्छ, सोध्नुहोस् ।
- व्हिलचेयर प्रयोगकर्तासँग एक मिनेट भन्दा बढी कुरा गर्नुपरेमा मेचमा बसी आमने सामने भई, अनुहारमा हेर्दै कुरा गर्नुहोस् ।
- ओरालो ऱ्याम्पमा व्हिलचेयर पछाडि फर्केको अवस्थामा रहेको सुनिश्चित गर्नुहोस् । मतदाता आफैं गएमा ऱ्याम्पको अन्तिम भागमा उभिनुहोस् ।
- उकालोमा व्हिलचेयरको पछाडि भागमा कुल्चीएर वा ह्यान्डल थिची तौल बढाएर अघिल्लो चक्का उठाउन मद्दत गर्नुहोस् । मतदाता आफैं गएमा व्हिलचेयरको पछाडि उभिनुहोस् ।
- व्हिलचेयर प्रयोगकर्ता मेचमा आफैं बस्न चाहेमा मेच र व्हिलचेयर नजिक भएको निश्चित गरी, मेच अनअपेक्षित रूपमा नचलोस् भन्नका लागि मेचको पछिल्लो भागमा समाउनुहोस् ।
- व्हिलचेयर पट्याउन मद्दत गर्दा प्रयोगकर्तालाई सही तरिका बारे सोध्नुहोस् ।
- मतदातालाई मतदान गर्न सहज हुने गरी बस्ने व्यवस्था मिलाउनुहोस् ।





**मनोसामाजिक अपाङ्गता भएका मतदाता**को बुझाई अथवा व्यवहारमा फरकपना हुनसक्छ ।

- धैर्यपूर्वक निर्देशन दोहोऱ्याउनुहोस् ।
- ठूलो स्वरमा नबोल्नुहोस् र मतदाताको व्यक्तिगत विचार/व्यवहारको सम्मान गर्नुहोस् ।
- सम्भव भएसम्म शान्त वातावरणमा पर्खने र मतदान गर्ने व्यवस्था मिलाउनुहोस् ।

**बौद्धिक अपाङ्गता भएका मतदाता**को बुझाई एवं दैनिकीमा भाग लिने क्षमता अपेक्षित अनुसार नहुनसक्छ ।

- मतदाताको अनुहारमा हेर्दै कुरा गर्नुहोस् । बिस्तारै बोल्नुहोस् (ठूलो स्वरमा नबोल्नुहोस्) ।
- मतदान प्रक्रियालाई सरल शब्दहरूको प्रयोग गरी बुझाउनुहोस् । आवश्यक भएमा कागजमा लेखेर वा चित्र कोरेर सम्झाउनुहोस् ।
- सम्भव भएसम्म शान्त वातावरणमा पर्खने र मतदान गर्ने व्यवस्था मिलाउनुहोस् ।

**मतदान स्थल/केन्द्र दृष्टिसम्बन्धी अपाङ्गतामैत्री हुन नसकेको खण्डमा निम्न अनुसारका सहायताहरू अवलम्बन गर्नुहोस् :**

- भऱ्याङ वा खुड्किलासामु पुगेपछि रोकिनुहोस् । खुड्किलाहरू माथि वा तल कता जाने हुन्, वर्णन गर्नुहोस् । खुड्किलाहरूमा सधैं एक कदम अघि रहनुहोस् । खुड्किलाहरू सकिएर माथि वा तल पुगेपछि खुड्किला सकिएको आभास दिलाउनका लागि पुनः रोकिनुहोस् र खुड्किला सकिएको जानकारी दिनुहोस् ।
- नाली, कुलेसो वा खाल्टो नाघ्नुपर्ने भए सामु पुगेर रोकिनुहोस् । आफूले पहिला नाघ्नुहोस् जसले मतदातालाई त्यसरी पार गर्नुपर्ने दूरीबारे अनुमान गर्न सहज हुन्छ ।
- साँघुरो द्वार वा निकासबाट पार हुने क्रममा मतदातालाई तपाईंको हात समात्दै पार गर्नका लागि मतदाताले समातेको